# दिव्योपदेशको रूपतात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको
दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी

रामचन्द्र गोतामे

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

२०७०

दिव्योपदेशको रूपतात्त्विक अध्ययन – रामचन्द्र गोतामे , २०७०

शोधनिर्देशक
प्रा.डा. देवीप्रसाद गौतम

# दिव्योपदेशको रूपतात्विक अध्ययन

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको**
**दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत**

## शोधपत्र

**शोधार्थी**
**रामचन्द्र गोतामे**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौं**
**२०७०**

## कृतज्ञताज्ञापन ज्ञापन

प्रस्तुत दिव्योपदेशको रूपतात्विक अध्ययन शीर्षकको शोधपत्र मैले आदरणीय गुरु प्रा. डा. देवीप्रसाद गौतमको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्ना विविध व्यवहारिक कठिनाइका बीचमा पनि अमूल्य समय निकाली अत्यन्तै सौहार्द्धपूर्ण तवरले मलाई यस शोधकार्यमा समुचित निर्देशन दिनुहुने शोधनिर्देशक श्रद्धेय गुरूप्रति सर्वप्रथम म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधपत्रलाई स्वीकृति प्रदान गरी मलाई यस शोधकार्य गर्ने अवसर प्रदान गर्नुहुने विभागीइ प्रमुख प्रा.डा. देवीप्रसाद गौतमप्रति म कृतज्ञ छु । यस शोधपत्रको तयारीकमा क्रममा समुचित सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने श्रद्धेय गुरुहरूप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

यहाँसम्मको अध्ययनका लागि प्रेरणा दिनुहुने पिता भानुभक्त गोतामे माता स्व. देवीमाया गोतामे र यो शोधकार्यमा निरन्तर सहयोग, सल्लाह र सुझाव दिने श्रीमती कमला गोतामेप्रति म आभारी छु ।

शोधकार्यका सन्दर्भमा विविध सामग्रीहरू उपलब्ध गराई सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालयका कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्र तयारी गर्ने क्रममा विभिन्न पाठ्यपुस्तक उपलब्ध गराई सहयोग गर्ने सहपाठी साथीहरूप्रति म कृतज्ञ छु । प्रस्तुत शोधपत्रलाई यथासम्भव शुद्धताका साथ बडो लगनशीलता पूर्वक टङ्कन गरी सहयोग गर्ने दिव्या क्षेत्रीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतको नेपाली केन्द्रीय विभाग कीर्तिपुर काठमाडौं समक्ष प्रस्तुत गर्दछु ।


शैक्षिक सत्र वि.सं २०६४-२०६५


रामचन्द्र गोतामे

नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर काठमाडौं

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजन परिपूर्तिका निम्ति **दिव्योपदेशको रूपतात्विक अध्ययन** शीर्षकको शोधपत्र रामचन्द्र गोतामेले मेरो निर्देशनमा तयार पार्नुभएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग समक्ष पेस गर्न सिफारिस गर्दछु ।

.......................................

प्रा. डा. देवीप्रसाद गौतम

**शोधनिर्देशक**

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

मिति : २०७०।०९। ०२

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र रामचन्द्र गोतामेले स्नातकोत्तर तह दोस्रो वर्ष, दसौं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **दिव्योपदेशको रूपतात्विक अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. प्रा.डा. देवीप्रसाद गौतम ............................

(विभागीय प्रमुख)

२. प्रा.डा. देवीप्रसाद गौतम ............................

(शोधनिर्देशक)

३. प्रा. मोहनराज शर्मा ............................

(बाह्य परीक्षक)

मिति : २०७०/०९/०७

# विषयसूची

| | |
|---|---|
| | **पृष्ठ** |
| **परिच्छेद एक : शोधपरिचय** | १-६ |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधपत्रको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधपत्रको औचित्य | ४ |
| १.६ अध्ययनको क्षेत्र र सीमाङ्कन | ५ |
| १.७ सामग्री सङ्कलन र शोध विधि | ५ |
| १.७.१ सामग्री सङ्कलन विधि | ५ |
| १.७.२ अध्ययन विधि | ५ |
| १.८ शोधपत्रको रूपरेखा | ६ |
| **दोस्रो परिच्छेद : पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी** | **७–१३** |
| २.१ जन्म र जन्मस्थान | ७ |
| २.२ बाल्यकाल र शिक्षादीक्षा | ७ |
| २.३ विवाह | ८ |
| २.४ राज्याभिषेक | ९ |
| २.५ व्यक्तित्व | ९ |
| २.५.१ राज्य विस्तारक व्यक्तित्व | ९ |
| २.५.२ राज्य व्यवस्थापक व्यक्तित्व | १० |
| २.५.३ न्याय व्यवस्था | ११ |

२.५.४ अर्थ व्यवस्थापक १२

२.५.५ कूटनैतिक व्यक्तित्व १३

**तेस्रो परिच्छेद : रूप र वाक्य तत्त्वको परिचय १४–२३**

३.१ रूपको परिचय १४

३.१.१ रूपका प्रकार १५

३.१.२ रूपायन १७

३.२ वाक्यतत्त्वको परिचय १८

३.२.१ पद, पदावली र वाक्यको परिचय १८

३.२.२ व्याकरणात्मक प्रकार्यको परिचय २२

**चौथो परिच्छेद : दिव्योपदेशको रूपतात्त्विक विश्लेषण २४–४३**

४.१ रूपको परिचय २४

४.२ रूपका प्रकार २४

४.३ रूपायन २८

४.३.१ दिव्योपदेश कृतिमा नामको रूपायन २८

४.३.२. दिव्योपदेशमा सर्वनामको रूपायन ३१

४.३.३. दिव्योपदेशभित्र विशेषणको रूपायन ३४

४.३.४ दिव्योपदेशमा क्रियापदको रूपायन ३७

**पाँचौँ परिच्छेद : दिव्योपदेश कृतिको वाक्य व्यवस्थापन अध्ययन ४४–६७**

५.वाक्यको परिचय ४४

५.१. शब्द (पद) वर्गको अध्ययन ४४

५.१.१ नाम पद ४५

५.१.२ सर्वनाम ४७

५.१.३ विशेषणको प्रयोग ४८
५.१.४ क्रिया ५१
५.१.४.१ कर्मका आधारमा ५१
५.१.४.२ अर्थ प्रधानताका आधारमा ५२
५.१.४.३ वाक्य समापनका आधारमा क्रिया ५३
५.१.५ अव्ययको प्रयोग ५४
५.१.५.१ क्रिया विशेषण ५४
५.१.५.२ संयोजक ५४
५.१.५.३ निपात ५६
५.१.५.४ नामयोगी ६५
५.२ पदावली ५६
५.२.१ नाम पदावली ५७
५.२.१.१. सरल नाम पदावली ५७
५.२.२ विशेषण पदावली ५८
५.२.३ क्रिया पदावली ५९
५.२.४ क्रिया विशेषण पदावली ६०
५.३ दिव्योपदेश कृतिमा प्रयुक्त वाक्यका प्रकारको अध्ययन ६१
५.३.१ सरल वाक्य ६२
५.३.२ मिश्र वाक्य ६३
५.३.३ संयुक्त वाक्य ६४
**छैटौं परिच्छेद : उपसंहार तथा निष्कर्ष** **६८–७०**
**सन्दर्भग्रन्थसूची** **७१**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

दिव्योपदेश नेपाली भाषामा लेखिएको महत्त्वपूर्ण रचना हो । राष्ट्र निर्माता पृथ्वीनारायण शाहले आफ्नो जीवनको उत्तरार्द्धमा आफ्ना भाइभारदार र सन्ततिलाई राज्य सञ्चालनका तौरतरिका विधिका साथै महत्त्वपूर्ण ज्ञान समेत दिने उद्देश्यले प्रस्तुत गरेका छन् , जसलाई दिव्योपदेश नामले चिनिन्छि । दिव्योपदेश नेपाली भाषामा लेखिएको र राज्य सञ्चालनका लागि अत्यन्त उपयोगी सामग्री हो । यसमा एकीकरणको अभियानमा उठाउनु परेको कष्ट, सो अभियान सफल पार्न लिइएको नीति र कष्ट साद्य निर्मित राज्यलाई जोगाउन आफ्ना सन्ततिले लिनुपर्ने नीतिको बारेमा यस रचनामार्फत पृथ्वीनारायण शाहद्वारा प्रकाश पारिएको छ । यसमा गृहनीति, परराष्ट्रनीति, बन्द व्यापारको विषय, आयात-निर्यात, कृषि नीति, सैनिक व्यवस्था र तालिम, प्रशासनिक व्यवस्था, न्यायिक व्यवस्था, अर्थ नीति, आदिको प्रकाश पारी राज्य सञ्चालनका निम्ति भविष्यका लागि समेत मार्ग निर्देश गरिएको छ । प्रस्तुत रचना विगत कालमा राज्य सञ्चालनका निम्ति मात्र उपयोगी थिएनन् वर्तमान समयमा राजनीतिक, सामाजिक, आथिर्जक न्यायिक, ऐतिहासिक, साहित्यिक र भाषिक अध्ययनका लागि समेत निकै सहयोगी र महत्त्वपूर्ण सामग्रीका रूपमा रहेका छन् । तत्कालीन समाजमा कस्तो भाषा प्रचलनमा थियो, तत्कालीन भाषामा कस्ता विशेषता र भाषिक रूप विद्यमान थिए भन्ने जानकारी दिव्योपदेश रचनाका माध्यमबाट प्राप्त गर्न सकिन्छ ।

भाषिक व्यवस्था भन्नाले भाषामा विद्यमान विशेषता एवम् भाषिक स्वरूपको सङ्गठनलाई बुझिन्छ । तत्कालीन नेपाली भाषाको व्यवस्थाको ज्ञानका लागि भाषाका महत्त्वपूर्ण पक्ष ध्वनि, वर्ण, रूप पद पदक्षवली, उपवाक्य र वाक्य व्यवस्थाको बारेमा अध्ययन गर्नु पर्दछ । दिव्योपदेशको भाषिक प्रयोग कस्तो थियो भन्ने मूल समस्या समाधान गर्न तत्कालीन नेपाली भाषाको रूपतात्विक र वाक्य तात्विक व्यवस्थाको अध्ययन गर्नुपर्ने हुँदा यहाँ दिव्योपदेशलाई रूप तात्विक र वाक्य तत्त्वका सैद्धान्तिक पर्याधारका आधारमा दिव्योपदेशको भाषिक प्रयोग व्यवस्थाको अध्ययन गरिएको छ । प्रस्तुत मूल समस्यामा केन्द्रित भई शोधका वैज्ञानिक विधि र मान्यताको प्रयोग गरी ऐतिहासिक विषयमा केन्द्रित रचनामा गरिने प्रस्तुत शोध नवीन विषयवस्तुको कारणले पनि औचित्यपूर्ण रहेको छ ।

## १.२ समस्या कथन

नेपाली गद्य साहित्यको विकासमा पृथ्वीनारायण शाहको दिव्योपदेश कृतिको महत्त्वपूर्ण योगदान रहेको छ । निबन्धात्मक विधाको पृष्ठभूमिका लागि समेत प्रस्तुत कृतिको महत्त्व उच्च रहेको छ । राजनैतिक संस्कृति, ऐतिहासिक, सामाजिक दृष्टिकोणले दिव्योपदेश कृतिको महत्त्व मात्र नभएर भाषिक अध्ययनका दृष्टिकोणले समेत यसको विशिष्ट महत्त्व रहेको छ । यस शोध पत्रमा दिव्योपदेश कृतिको भाषिक प्रयोग के कस्तो छ भन्ने मूल प्रश्नमा केन्द्रित शोधका समस्यालाई निम्नानुसार बुँदामा प्रस्तुत गर्न सकिन्छ :

(क) दिव्योपदेश कृतिभित्र रूप तात्त्विक प्रयोग के कस्तो छ ?

(ख) दिव्योपदेश कृतिभित्र वाक्य व्यवस्था के कस्तो छ ?

उक्त समस्यामा केन्द्रित रही स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक व्याख्या विश्लेषणका लागि प्रस्तुत शोध गरिएको छ ।

## १.३ शोधपत्रको उद्देश्य

शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य हो । वैज्ञानिक ढङ्गले व्याख्या विश्लेषण र समाधान के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर प्रस्तुत शोधको अध्ययन गरिएको छ तथा प्रस्तुत शोधका निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

(क) दिव्योपदेश कृतिभित्र रूप तात्त्विक व्यवस्थाको निरूपण गर्नु ।

(ख) दिव्योपदेश कृतिभित्र वाक्य व्यवस्थाको पहिचान गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

दिव्योपदेश कृति नेपाली साहित्यिक त्रिगुणयुक्त प्रथम गद्य रचना हो । यसमा निजात्मक निबन्धका गुणहरू पाइनुका साथै विभिन्न विशिष्ट भाषिक विशेषताहरूको समेत प्राप्त गर्न सकिन्छ । तत्कालीन नेपाली भाषाको वर्ण, रूप, वाक्य व्यवथा के कस्तो थियो भन्ने ज्ञान दिव्योपदेश कृतिको कृतिपरक अध्ययन विश्लेषणबाट हासिल गर्न सकिन्छ । दिव्योपदेश कृतिको राजनैतिक सामाजिक, साहित्यिक दृष्टिकोणले प्रसशस्त अध्ययन अनुसन्धान भएका छन् तर भाषिक दृष्टिकोणले सीमित अध्ययन अनुसनधान भएका छन् दिव्योपदेशमा केन्द्रित भई विभिन्न विद्वान्हरूले गरेका भाषिक अध्ययन विश्लेषण एवम समीक्षाहरूको विवरणलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

बाबुराम आचार्यको श्री ५ पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनीमा मुख्य रूपमा दिव्योपदेशमा वर्णित राज्य व्यवस्था, न्याय व्यवस्था, अर्थनीति, परराष्ट्रनीति, सैनिक व्यवस्था आदि सम्बन्धी विविध विषयको विस्तृत चर्चा गरिएको छ  तर यस बाहेक कृतिपरक अध्ययन भएको छैन (आचार्य, २०६१ : ) ।

नयनराज पन्तले पृथ्वीनारायश शाहको उपदेशका बारेमा अध्ययन गर्दा दिव्योपदेशको इतिहास विषयको चर्चा र अन्त्यमा यसमा प्रयुक्त शब्दार्थको समेत

अध्ययन र उल्लेख उनको श्री ५ पृथ्वीनारायण शाहको उपदेश कृतिमा गरिएको छ । तर वर्ण, रूप र वाक्य व्यवस्थाको अध्ययन गरिएको छैन (पन्त, २०३८ : ३३३) ।

सूर्यक्रिम ज्ञवालीको श्री ५ पृथ्वीनारायण शाहमा दिव्योपदेशको अर्थ व्यवस्था सम्बन्धी विषयको सङ्क्षिप्त अध्ययन भएको छ  तर वर्ण, रूप र वाक्य व्यवस्था र भाषिक विशेषताको अध्ययन भएको छैन ।

यसका अतिरिक्त नेपाली शब्दहरूको व्युत्पतिगत अध्ययनका क्रममा जगदीश चन्द्र रेग्मीको नेपाली अध्ययनमा एक अंश चाहिँ दिव्योपदेशमा प्रयुक्त आगन्तुक शब्द र अर्थलाई लिएर छोटो चिनारी दिने काम भएको छ (रेग्मी, २०३२ : ४६) ।

ताना शर्माको नेपाली साहित्यको सङ्क्षिप्त इतिहास तथा दयाराम श्रेष्ठ र मोहनराज शर्माको नेपाली साहित्यको सङ्क्षिप्त इतिहास तथा नेपाल परिचय को अध्याय छ का साथै मोहन हिमांशु थापाको नेपाली साहित्य नामक लेखमा गद्य साहित्य विकासक्रमलाई लिएर दिव्योपदेशको साहित्यिक विषयमा साधारण परिचय दिइएको छ ।

बालकृष्ण पोखरेलद्वारा सम्पादित पाँचसय वर्षमा दिव्योपदेशको पाठका कठिन शब्दको अर्थका साथै दोस्रो उठानमा यसको महत्वबारे सङ्क्षेपमा चर्चा गरिएको छ तर भाषिक अन्य पक्ष रूप, वाक्य तत्त्व आदिको अध्ययन गरिएको छैन ।

## १.५ शोधपत्रको औचित्य

पृथ्वीनारायण शाहको दिव्योपदेश कृतिको आफ्नै विशिष्ट राजनैतिक सामाजिक, सांस्कृतिक ऐतिहासिक साहित्यिकका साथै भाषिक महत्त्व पनि छ । त्यसैले महत्वपूर्ण र ऐतिहासिक गरिमा भएको प्रस्तुत कृतिका बारेमा शोधका वैज्ञानिक विधि र प्रक्रिया पुऱ्याएर अध्ययन गरिएको हुँदा यस शोधपत्रको छुट्टै महत्त्व छ । तथापि यसको भाषिक तत्त्वका दृष्टिले आजसम्म एक दुई प्राज्ञिक कार्य भए पनि अन्य कार्य नभएकाले दिव्योपदेश कृतिको भाषिक प्रयोग शीर्षकको शोधको महत्त्व नेपाली भाषाका अध्येता, अनुसन्धान कर्ता एवम् जिज्ञासु भाषाविद् सबैलाई उपयोगी रहने छ । दिव्योपदेश

रचनाको भाषिक प्रयोगका बारेमा गरिएको प्रस्तुत शोध नवीन विषय भएकाले पनि प्राज्ञिक क्षेत्रमा यसको ठूलो महत्व हुनुका साथै प्रस्तुत कार्य औचित्यपूर्ण सिद्ध भएको छ ।

## १.६ अध्ययनको क्षेत्र र सीमाङ्कन

दिव्योपदेश कृतिको राजनैतिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक , प्रशासनिक साहित्यिक दृष्टिले अध्ययनीय एवम् महत्त्वपूर्ण रचना हो । यी विभिन्न दृष्टिकोणले यस रचनाको अध्ययन गर्न सकिए तापनि यहाँ दिव्योपदेशमा प्रयुक्त भाषिक प्रयोगका दृष्टिले मात्र प्रस्तुत शोधपत्रमा अध्ययन गरिएको छ । अतः दिव्योपदेश कृतिको अन्य पक्षबाट अध्ययन नगरी रूप तत्त्व र वाक्य तत्त्वका दृष्टिकोणले अध्ययन गर्नु नै प्रस्तुत शोध कार्यको सीमा हो ।

## १.७ सामग्री सङ्कलन र शोध विधि

प्रस्तुत शोधपत्रमा विशेष गरी सामग्रीहरूको सङ्कलनका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । यसका लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन र अध्ययनका लागि प्रयुक्त शोधविधिको चर्चा तल गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनपत्र सम्पन्न गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । यसका लागि पुस्तकालयीय सामग्री सङ्कलनलाई प्रमुख आधार मानिएको छ । पृथ्वीनारायण शाहद्वारा रचित प्रस्तुत दिव्योपदेश श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, काठमाडौं ,दिनेशराज पन्त) लाई प्राथमिक स्रोतको सामग्रीको रूपमा चयन गरिएको छ भने प्रस्तुत कृति र पृथ्वीनारायण शाहका जीवनी विषयक पूर्व अध्ययनका सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ अध्ययन विधि

साहित्यिक, सामाजिक, प्रशासनिक र भाषिक अध्ययन भएका सामग्रीलाई प्राथमिक तथा द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। भाषिक अध्ययन गर्दा प्रस्तुत शोधकार्यमा रूप विज्ञान वा रूप तत्व, वाक्य व्यवस्था तत्त्व सम्बन्धी सैद्धान्तिक पर्याधारका रूपमा प्रयोग गरिएको छ । भाषिक तत्त्वका आधारमा प्रस्तुत रचनाको अध्ययन गरिएको छ । तसर्थ प्रस्तुत अध्ययन पत्र मुख्यतः निगमनात्मक विधिमा केन्द्रित रहेको छ। विभिन्न तथ्यहरूको सङ्कलन र तिनीहरूको व्याख्या तथा विश्लेषण गरिएकाले यस अध्ययन पत्रमा आगमनात्मक विधिको समेत अवलम्बन गरिएको छ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र सुसङ्गठित ढङ्गमा प्रस्तुत गर्नका लागि विभिन्न अध्यायहरूमा विभाजन गरी आवश्यकता अनुसार तिनलाई पनि विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरिएको छ। यस शोधपत्रको परिच्छेदगत विभाजन निम्नलिखित शीर्षकमा गरिएको छ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : पृथ्वीनारायण शाहको जीवनी

तेस्रो परिच्छेद : रूप र वाक्य तत्त्वको सैद्धान्तिक परिचय

चौथो परिच्छेद : रूप तात्त्विक अध्ययन

पाँचौं परिच्छेद : वाक्य तात्त्विक अध्ययन

छैटौं परिच्छेद : मूल्याङ्कन तथा निष्कर्ष

उपर्युक्त छ परिच्छेदका अलावा शोधपत्रको अन्त्यमा सन्दर्भ ग्रन्थको सूची राखिएको राखिएको छ।

# दोस्रो परिच्छेद

# पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवन

## २.१ जन्म र जन्मस्थान

पृथ्वीनारायण शाहको जन्म पिता नरभूपाल शाह र माता कौशल्यावतीको गर्भबाट वि.सं १७७९ पौष २७ (इ.सं ७ जनवरी १७२३) का रात्रिमा भएको हो । यस उपत्यकामा रहेको कान्तिपुर सहर वर्तमान नेपालको राजधानी बनिरहेको सहरलाई राजधानी बनाउने श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाह यस राजधानी देखि ९१ किलोमिटर पश्चिमपट्टि रहेको गोरखा नामक स्थानका राजदरबारमा जन्मेका थिए (आचार्य , २०६१ : ५ ) ।

## २.२ बाल्यकाल र शिक्षादीक्षा

पृथ्वीनारायण शाह माता कौशल्याको गर्भबाट सात महिनामै जन्मिएको मानिन्छ । बाल्यकालदेखि नै चतुर, प्रतिभा शाली र होनाहार व्यीक्तत्वको नमुना बनेका यिनी हृष्टपुष्ट, तेजस्वी र फुर्तिला समेत थिए । पाँच वर्षको उमेरमा विधिवत अक्षरारम्भ गर्ने काम पुरोहितवर्गका अर्ज्याल र जोशीहरूद्वारा भयो (आचार्य, २०६१ : ७०) । मोक्षेश्वर जोशी र भानु जोशीले अक्षरारम्भ गराएका यिनलाई व्रतबन्ध नभएसम्म वर्णमाला राम्रोसँग लेख्न र पढ्न अभ्यास गराइयो । यसपछि सामान्य व्यहावरका निमित्त गणित र दुर्गा कवचको पाठ, नेपाली वाक्य रचना, पत्रलेखन जस्तो शिक्षा प्रदान गरियो ।

शारीरिक विकासका लागि खेलकुदको समेत व्यवस्था गरिदिएका यिनका साथीहरूमा भने नरभूपाल शाहका भाइ भारदारका पुत्र पुत्री रहेको पाइन्छ तत्कालीन खेलहरू डन्डी बियो , लुकामारी, भकुण्डो, कुस्ती जस्ता खेलमा रमाएका शाह हाडे ओखर र डुमरायी खेल समेत खेल्न रुचाउँथे । राजा नरभूपाल शाहका छोरा युवराज

पृथ्वीनारायण शाह दरबारिया वातावरणसँगे आठ नौ वर्षकै उमेरमा घोडा चढ्ने समेत गर्दथे । गोरखनाथको उपासन ।गर्ने यिनको व्यक्तित्व निर्माणमा नरभूपाल शाहकी जेठी रानी चन्द्रप्रभावको महत्वपूर्ण हात रहेको पाइन्छ । चन्द्रप्रभाकोद्वारा प्राप्त प्राप्त भएको यसै नैतिक शिक्षाद्वारा नियी बालकककालदेखि नै सत्चरित्र साहसी लगनशील र परिश्रमी समेत बने र उमेरको साथै यी ज्ञान व्यसनहरू पनि उनमा द ृढ हुँदै गए ( आचार्य, २०६१ : ७१) । यिनलाई चन्द्रप्रभाले पाडेहरूले बाधा नदिऊन् भनेर धादिङको एक देवस्थमा लगि व्रतबन्ध गराएर श्रीहर्ष मिश्रलाई सावित्रमन्त्र सुनाउन लगाइन् । १२ वर्ष आरम्भ गरेका शाहले वेदको अध्ययन कठिन भएकाले सतशती भन्ने बाच्न सक्ने गरी अध्ययन गरे । शुक्रनीति, कामन्दकीय नीतिका अतिरिक्त रामायण , महाभारत आदि ग्रन्थहरू पनि यिनले मौखिक शिक्षाका रूपमा प्राप्त गरे ।

धनु वाण चलाउने, खुकुरी चलाउने, तरबार, भाला, बर्छा, पौडी खेल्ने आदि अनेकौँ शस्त्रविधा र शस्त्रेतर विधा समेत शाहले प्राप्त गरे । लगनशील प्रवृत्तिका कारण यिनी शास्त्र र शस्त्र दुवै विधामा कुशल ठहरिए । तत्कालीन गोखामा बन्दुक नपाइएकाले यिनी धनु काँडमा पोख्त भए । यस बाहेक चन्द्रभावका अनेकौा नैतिक, व्यवहारिक , चारित्रिक आदि शिक्षाबाट पृथ्वीनारायण शाह निरन्तर शिक्षित बन्दै बाल्यकाल व्यतीत गरेको पाइन्छ । विवाह पश्चात नियलाई रामायण महाभारत, पुराण, उपदवेश, कथाहरू, सनत्सुजातीय उपाख्यान आदिको अध्ययन गराइएको पाइन्छ ।

## २.३ विवाह

इ.सं. १७३७ मा श्री ५ पृथ्वीनारायण शाहको उमेर १४ वर्षको भएपछि यिनको विवाहको समस्या पनि आइपऱ्यो (आचार्यः २०६१ : ९१) यिनको विावह मकवानपुरका ठकुराई हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भयो । गोर्खालीको राजनैतिक उद्देश्य पूर्ति गर्नेमा समेत सहयोग हुने ठानेर यो विवाह सम्पन्न गरियो । विवाह गर्न भनेर आफ्ना पुरोहित ज्योतिष, भैयाद, खजाञ्ची र भारदारका जमातको बरियातका साथ फागुन महिनामा पृथ्वीनारायण शाहले मकवानपुरमा गई निश्चित थितिमा खुसीराजीका साथ शुभविवाह (इ.सं फेब्रुअरी १७३८) मा सम्पन्न गरे (आचार्य,

२०६१ : ९३) । गजमोतीहार र एकदन्ता हात्तीका विषयमा विवाद भएपछि यिनको यो प्रथम विवाह सफल हुन सकेन दोस्रो विवाहका निमित्त डोला तलाश गर्न भानु जोशीलाई खटाइएको थियो । जोशीले गोरखपुर जिल्लाका ठाकुर दयाराम सिंहकी छोरी मैयाँलाई डोलाका रूपमा गोर्खामा ल्याइसकेका थिए । दयाराम सिंहका हातबाट कन्यादान भई पृथ्वीनारायण शाहको दोस्रो विवाहकार्य गोरर्खामा नै सुसम्पन्न भयो , ( फेब्रुअरी १७४०) । नव विवाहित रानीको नाम नरेन्द्रलक्ष्मी राखियो (आचार्यः २०६१: ९७) । यसरी पृथ्वीनारायण शाहको दुई विवाह कार्य भएको पाइन्छ। नरेन्द्रलक्ष्मीका तर्फबाट प्रतापसिंह शाह र बहादुर शाहको जन्म भएको पाइन्छ ।

## २.४ राज्याभिषेक

सिंहासन खाली राख्न हुँदैन भन्ने परम्परा अनुसार अप्रिल १७४३ का दिन पृथ्वीनारायण शाहले सिंहासनमा सामान्यतया मुकुट पहिरिएका थिए (आचार्य, २०६१ : ११२) । कौशल्यावती र साहिँली रानी प्रायः एकै समयमा गर्भवती भएका थिए । कौशल्याको गर्भमा सात महिना रहेर पृथ्वीनारायण शाहको जन्म भएको मानिए । पृथ्वीनारायण शाह जन्मिसकेपछि बुद्धिमतीका गर्भबाट वृन्दकेशर शाहको जन्म हुँदा गर्भका जेठाले उत्तराधिकारी पाएँछ भन्ने खलबल गोरखा दरबारमा उठेको थियो । तरचाँडै नै वृन्दकेशरको देहान्त हुँदा कुरै मेटियो (आचार्य, २०६१ : ६९) । यसरी पृथ्वीनारायिण शाहको राज्याभिषेक सामान्य, सहज र निर्विवाद प्रायःरहेको थियो ।

## २.५ व्यक्तित्व

पृथ्वीनारायण शाह एक राज्य प्रमुख हुन् । यिनको व्यक्तित्व राज्य विस्तार राज्य व्यवस्था, न्याय व्यवस्था, अर्थ व्यवस्थाहरू कुटनैतिक राजनैतिक आदि विविध प्रकारमा विस्तारित भएको छ । यिनको बुद्धि व्यक्तित्वलाई निम्नानुसार देखाउन सकिन्छ :

### २.५.१ राज्य विस्तारक व्यक्तित्व

पृथ्वीनारायण शाहले बृहत् नेपाल राज्यको तयार गरेका हुन् । गोरखाबाट एकीकरण थालेका शाहले नुवाकोट लामिडाँडढा जस्ता राज्यबाट एकीकरण प्रयास

गरेका थिए । यो क्रम क्रमशः नुवाकोट काभ्रेपलान्चोक र दोलखादेखि दूधकोशी हुँदा उपत्यकाका कान्तिपुर भक्तपुर पाटन जस्ता राज्इसमेत एकीकरण गरेको देखिन्छ । यस्तै दोलखा, मलादेव पोखरी, तनहुँ जस्ता राज्यका साथै अन्य कतिपय भू भागलाई एकीकरण गरी बृहत् नेपालब नाउने कार्यमा लागि रहे यिनको यो प्रेरणाबाट उनी पछिका यिनका उत्तराधिकारीले समेत बृहत् नेपाल निर्माणको कार्यलाई निरन्तरता दिएको पाइन्छ ।

## २.५.२ राज्य व्यवस्थापक व्यक्तित्व

पृथ्वीनारायणले राज्य व्यवस्थापन अत्यन्त कुशलताका साथ गरेको पाइन्छ । राज्यमा रहनु पर्ने तत्कालीन कतिपय व्यवस्थापन नभएकाले अन्य धेरैराज्यहरू ढकुराइ कहिलएका थिए । किरात देखि डोटीसम्मको हिमालयमा राज्यको अभावमै अव्यवस्था चलिरहेको थियो । हुन त सबै सानातिना ठकुराइका राजाहरू ठकुराइ भासेर राज्य निर्माण गर्न चाहन्थे तर तिनीहरूमा त्यस किसिमको नीतिगत निपुर्णता थिएन । जनता र राजालाई जवर्जसती युद्धमा विजय गरी राज्य एकीकरण नहुने ठानी पृथ्वी नारायण शाहले अन्य राज्यका जनतालाई उचित सम्मान र मान दिँदै राजालाई समेत नैतिक विजय गरेका थिए । साम, दाम, दण्ड, भेद जस्ता कुराको निपुर्णताले नै यिनले बाइसी, चौबिसी देखि उपत्यका र पूर्व र पश्चिमका समेत सानातिना राज्यलाई एकीकरण गर्न सफल भएको पाइन्छ । उपत्यकाको विजय पश्चात उपत्यकामा नै नेपाल राष्ट्रको जग बसाएको शाहले साम, दाम, दण्ड, भेद जस्ता नीतिलाई समयानुकूल प्रयोग गरेको पाइन्छ । खाजाञ्ची, कपर्दार , टक्सारी जस्ता पदको स्थापना गरी कार्य विभाजनमा निपुर्णता देखिएका यिनले विभिन्न किसिमबाट राजस्व सङ्कलन गरी देशलाई शक्ति सम्पन्न बनाउने कार्य गरेका थिए । शाहले चौतारा, प्रमान, जस्ता पदमा परम्परागत नियमभन्दा पनि तत्कालीन अवस्थालाई विश्लेषण गरी आवश्यकता अनुसार दुई वा सो भन्दा बढी व्यीक्त समेत नियुक्त गर्दथे । आफ्ना भाइहरूले राज्य सञ्चालन गर्ने र राजा बन्ने चष्टामा यिनले असफल तुल्याएका थिए । पृथ्वीनारायण शाहले काजी, मन्त्री आदि पदमा योग्यता र क्षमताका आधारमा आफ्ना भाइ, भारदारका अतिरिक्त अन्य वीर एवम प्रजाका प्यारा पात्रलाई नियुक्त गरी राजइ व्यवस्था चुस्त दुरुस्त राखेका

थिए ।राज्यका पुरोहित, पुरोहितका एकजना मैयादमा खरिदार हुने दव्य शाहका काजी पाँडे सर्दार पन्धगुरु (अर्ज्याल) पुरोहित (खनाल) , मालपोत विभागका अध्यक्ष (बोहोरा) र न्यायाध्यक्ष (रानामगर) का वंशधरबाट एकएक जना लिइएर बनेको समिति घर भर कहिन्थयो । यो समिति आवश्यक परेका समयमा राजसभालाई परामर्श दिन्थ्यो (आचार्य, २०६१: ४४७)। यस प्रकार पृथ्वीनारायण शाहले तत्कालीन अवस्थामा राज्य संयन्त्र एवम राज्य व्यवस्था सबल र चुस्तदुरुस्त राखेको देखिन्छ । यिनको राजइ व्यवस्थापक व्यक्तित्व कुशल देखिन्छ ।

### २.५.३ न्याय व्यवस्था

पृथ्वीनारायण शाहको कार्यकालयमा न्याय व्यवस्था सुदृढ रहेको देखिन्छ । त्यस बखत प्रत्येक पहाडी मौजामा कटुवाल रहन्थे र सरकारी उर्दी कुर्लेर जनसमुदायलाई सुनाउनु यिनको मुख्य काम हुन्थ्यो (आचार्य, २०६१ : ४४८) । पृथ्वीनारायण शाहले घुसखानेर घुसदिने दुवैलाई राजाका महाशत्रु मानेका छन् । शाहले दिव्योपदेशमा ठकुरी जाँची डिठ्ठा राख्नु मगर जाँची विचारी राख्नु । कचहरी पिच्छे एक एक पण्डित राखी शास्त्र बमोजिम अदालत चलाउनू भनेका छन. (दिव्योपदेश शाह, २०५९ : ६०)० । काठमाडौंमा मुख्य अदालत थियो नुवाकोट दखल भएपछि लामी डाँडा जिल्ला दखल हुँदा त्यहाँ पनि गोर्खामा रहे जस्तै विचारीकोसाथमा धर्माधिकारीका प्रतिनिधि भएका पण्डितद्वारा मुद्दाको कार्यवहाली गर्ने नियम भएको र सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा आदिमा अधिकार भएपछि त्यहाँ पनि यस्तै अदालत खडा हुँदै गएको देखिन्छ ( आचार्य, २०६१ : ४५१) । यिनका पालामा दण्ड अनेक प्रकारका हुने व्यवस्था यो । ज्यानमारा मानिसलाई काटी मारिदिने सामान्य नियम थियो । तर ब्राह्मण सन्यासी, जोगी, बैरागी रचनाहरूकोले ज्यान मारे पनि प्राण दण्ड हुँदैनथ्यो । आफ्नो स्वास्नी जारी गरेर लैजाने जारलाई साधुले काट्न पाउनेपनि व्यवस्था थियो ? हाडनातामा बिग्रने मर्दाना र जनानालाई चाक र चकुई नाम दिएर एवम सीमा दास दासीमा परिणत गराई बिक्री गरेर अदालतका खातामा धनजम्मा गरिन्थयो (आचार्य, २०६१ : ४५३) । न्याय व्यवस्थामा चौतर्फी न्याय राख्ने शाहले दिव्योपदेशमा समेत यस्तो प्रशस्तै उपदेश दिएका छन् । पुराना योग्य मानिसलाई जाँची हजुरिया बनाउनु (शाह,

२०५९ : ५४) । राजाका भण्डार भनेका रेतानहरू हुन. (शाह? २०५९ :४०) । यसका नमुना हुन् । यसप्रकार पृथ्वीनारायण शाहको पालामा न्याय व्यवस्थामा पूर्णरूपले ध्यान दिएको पाइन्छ । यिनले एकीकरणमा सफलता प्राप्त गर्नुमा न्याय व्यवस्था सहायक सिद्ध भएको देखिन्छ ।

## २.५.४ अर्थ व्यवस्थापक

पृथ्वीनारायण शाहको व्यक्तित्व बहुमुखी देखिन्छ । यिनले राज्यव्यवस्था, सामाजिक व्यवस्था, परराष्ट्र व्यवस्था आदिका अतिरिक्त अर्थ व्यवस्थामा समेत ध्यान राखी राज्यका कुशल सञ्चालक बनेको इतिहास पाइन्छ । यिनको प्रशासनकालको आरम्भबाट नै आगरदेखि पूर्वपट्टि चन्द्रागिरी र फुलचोकीका दक्षिण पट्टिका खानी बाहुल्य क्षेत्रका खालीहरू चालु राखे । तावा , राँग, फलाम आदिका खानी त्यहाँ थिए । तत्कालीन अवस्थामा तावाँ, फलाम, आदि धातु उत्पादन गर्न सके अवध, बिहार, बङ्गाल र तिब्बत निकासी हुन्थ्यो (आचार्य, २०६१: ४६)-४६९) । अर्थ सङ्कलनका हरेक माध्यम अपनाई राख्यर्ला दरिलोब नाउन चाहने शाहले ललितपुरमा भाँडावर्तन गरिन्थ्यो , भक्तपुरमा कृषक र वस्त्रकारहरूको उपस्थिति थियो । कपडाको उद्योग नै सञ्चालन गरेको तत्कालीन अवस्थामा हात्ती, गौरीगण, मृग आदि पशुको बेचबिखन गरिन्थ्यो । यस्तै चामलको उत्पादन गरी त्यसको साटोमा तिब्बतबाट नून साटेर ल्याएको स्थिति समेत देखिन्छ (आचार्य, २०६१, ४७१) । भूमिकर राज अङ्क कर जस्ता अनेक करको व्यवस्था समेत यस समयमा गरिएको थियो । रानी पानी र खानी राजाको हुने चलन स्वरूप माछा पाल्नेलाई पोखरी तिरो, नदीनालाघाट तर्ने नाउ तिरो खानीको तिरोका अतिरिक्त विक्री हुन् जाने चौपाया र अरु वस्तुको जगात भन्सारको समेत व्यवस्था थियो । पक्की घर खरि विक्री गर्दा कर लाग्ने उपत्यकाका बिर्ता जग्गा खरिद विक्री भएमा लाग्ने कर आदिको अर्थ व्यवस्थापनमा शाहको अर्थ व्यवस्थापनक व्यक्तित्व झल्कन्छ । आफ्नो देशका जिनिस जडीबुटी देश विदेशमा लैजानू र नगद खैचनू (शाह, २०५९ : ३९) भन्ने भनाइबाट पनि यिनको अर्थ व्यवस्थापक व्यक्तित्व सशक्त रहेको बुझिन्छ ।

### २.५.५ कूटनैतिक व्यक्तित्व

पृथ्वीनारायण शाहको कूटनैतिक व्यक्तित्व प्रभावशाली रहेको देखिन्छ । काजी पदमा विराज बखेतीलाई नियुक्त गर्ने मनमा भए तापनि सबैले कालु पाँडेलाई चाहेकाले पाँडेलाई नै काजीमा नियुक्त गर्नु, स्वदेशमा नै कपडा उत्पादन गर्न लगाउनु, विदेशका सामान स्वदेशमा ल्याउन नदिनु, अङ्ग्रेजहरूलाई स्वदेशमा पस्न नदिनु, चीन र भारतसँगको सम्बन्धको सन्तुलन र चलाखीको कुरा गर्नु, जडिबुटी, कपडा आदि विदेशीलाई बेचेर नगद भित्र्याउनु खानी र खेती योग्य ठाउँमा घर बनाउन नदिनु, भक्तपुरसँग मितेरी साइनु गाँस्नु, लमजुङलाई गरुड, गोर्खालाई सर्प र नेपाललाई भ्यागुतोको संज्ञा दिनु आदि पृथ्वीनारायण शाहको कुटनैतिक व्यक्तित्वका उदाहरण हुन् । यस्तै जाइकटक गर्नु झिकीकटक नगर्नु, नेपाल भनेको दुई ढुङ्गाको बीचको तरुल रहेछ, रस्ता रस्तामा भाजा हाली राख्नु एक दिन दक्षिण समुद्रका बादशाह आउन सक्छ , चौतर्फी किल्ला बनाइ राख्नु, विदेशीहरू यहाँ आए भन्ने कङ्गाल बनाउने छन् जस्ता दिव्योपदेशमा रहेका उक्तिहरूले पनि यिनी कुशल कुटनैतिक व्यक्ति रहेको प्रमाणित हुन्छ । समग्रमा हेर्दा पृथ्वी नारायण शाह एक कुशल राजनैतिक कुटनैतिक व्यक्तित्वका धनी देखिन्छन् ।

# तेस्रो परिच्छेद

# रूप र वाक्य तत्त्वको परिचय

## ३.१ रूपको परिचय

भाषाको सबैभन्दा सानो व्याकरणिक एकाइ रूप हो । यो वर्णभन्दा ठूलो र पद भन्दा सानो भाषिक एकाइ मानिन्छ । यसको कोशीय वा व्याकरणिक दुवै अर्थ युक्त हुन्छ । त्यसैले यसलाई नाइडाले सबैभन्दा सानो अर्थयुक्त एकाइ मानेका छन् (गौतम र अन्य २०६७ : ८३) । रूप पदको संरचक तत्त्व पनि हो । यो परिपूरक र मुक्त वितरणमा भिन्न संरचनामा आउँछ । यो पदको संरचक घटक पनि हो । पूर्वमा वैदिक युगदेखि भाषाको अध्ययन प्रारम्भ भएको र लामो भाषिक परम्पराभित्र शब्द निर्माणको एक घटकमा रूपलाई समेटिएको देखिन्छ । पदका संरचकका रूपमा रहेका धातु, सर्ग र प्रतिपदिक तथा सर्गलाई रूपविज्ञानले रूपका तहमा लिएको छ। निरुक्तकार यास्कले शब्दका संरचकहरूको चर्चा गर्दा सबै नाम धातुबाट उत्पन्न हुन्छन् भन्ने उनको धारणाले रूपका बारेमा पूर्वमा समृद्ध परम्परा रहेको देखिन्छ । भाषाशास्त्री रविन्सले भाषा विज्ञानमा प्राचीन भारतीयहरूका विभिन्न उपलब्धिहरूमध्ये रूपको अस्तित्व स्वीकार उल्लेखनीय उपलब्धि हो जसमध्ये पाणिनी सबैभन्दा सुप्रसिद्ध रही आएका छन् भन्दै यसलाई पश्चिमीहरूलाई पूर्वले लगाएको भाषिक ऋणका रूपमा लिएका छन् (गौतम र अन्य २०६७ : ८४) । पाणिनी व्याकरणले शब्द्य व्युत्पादनमा नै जोड दिँदै पदलाई सुबन्त र तिडन्तमा विभाजन गरेका छन् । यसरी भाषामा शब्दको संरचक रूप तत्वको गहन अध्ययन भए पनि रूप विज्ञानको विकास, विस्तारका साथै सैद्धान्तिक तथा प्रायोगिक पक्षको विवेचन र संरचना पश्चिमीले भाषाशास्त्रीहरूले नै गरेका छन् ।

प्लेटो र अरस्तु जस्ता विद्वान्बाट नै भाषिक अध्ययन गर्न थालिएको पाश्चात्य जगतमा डायोनियस थ्रयाक्स (इ.पू. दोस्रो शताब्दी) सम्म आइ प'दा ग्रीक भाषाको व्याकरण निर्माण भएको बुझिन्छ (बन्धु, २०६६ : ) यसै परम्परालाई

अपोलोनोयिस डिस्कोलस, म्याक्स मुलर, फ्रान्जबोप, याक्रोव ग्रिम, स्लेगल, राज्मस रास्क आदिले गति दिई रूप तात्विक अध्ययनमा महत्वपूर्ण योगदान गरेका छन् । युरोप र अमेरिकामा देखा परेका भाषिक संप्रदायहरूले रूपको वैज्ञानिक पद्धतिबाट अध्ययन अगाडि बढी रूपको परिभाषा तथा वर्गीकरण गर्ने कार्य सम्पन्न भएका छन् । भाषाविज्ञानको क्षेत्रमा ब्लुमाफिल्ड (१८८७-१९४९) को प्रवेश भएपछि रूप विज्ञान सम्बन्धी प्रशस्त कार्य भएका छन् । विशेष गरी १९४० को दशकमा रूप विज्ञानको क्षेत्रमा उल्लेखनीय कार्य भएका छन् । ह्यारिस, हकेट, ब्लाख र नाइडाका अध्ययनरु रूप विज्ञानका क्षेत्रमा उल्लेखनीय रहेका छन् । ह्यारिसले रूप परिवर्तन र हकेटले रूप तात्विक विशेषणमा विशेष योगदान गरेका छन् । रूप विश्लेषणको सन्दर्भमा ह्यारिसेले वितरणका आधारमा र हकेटले शरीर रचना विज्ञानसँग सम्बन्धित रहेर अध्यन गरेको पाइन्छ ।

### ३.१.१ रूपका प्रकार

नेपाली भाषाका रूपलाई संरचना, अर्थ र प्रकार्यका आधारमा मुक्तरूप र बद्धरूप, संरचनायुक्त रूप, रिक्तरूप, संपृक्त र शून्य रूप आदि छ प्रकारबाट वर्गीकृत गरिएको छ ।

**(अ) मुक्त रूप**

अर्को कुनै रूपविना स्वतन्त्र रूपले पदावली वा वाक्यमा प्रयोगमा आउन सक्ने रूपहरू मुक्त रूप हुन् । मुक्त रूपहरू एक्लै स्वतन्त्र रूपमा आउन पनि सक्छन् र अन्य रूपसँग गाँसिएर पनि आउन सक्छन् । मुक्त रूपको आफ्नजो छुट्टै कोशीय अर्थ र व्याकरणिक अर्थ रहन्छ ।

जस्तै : रम, किताब, घर आदि ।

**(आ) बद्धरूप**

स्वतन्त्र रूपमा पदावली वा वाक्य प्रयोगमा आउन नसक्ने वा अर्को कुनै रूपविना पदका रूपमा प्रयोगमा आउन नसक्ने रूपहरू बद्ध रूप हुन् । बद्ध रूपहरू स्वतन्त्र रूपमा नआई मुक्त रूपसँगै गाँसिएर मात्र आउँछन् ।

जस्तै : रामले किताबहरू किन्यो वाक्यमा- ले, हरू , किन, य, यो रूपहरू बद्ध रूप हुन् ।

**(इ) संरचनायुक्त रूप**

ध्वनि संरचनायुक्त रूपलाई संरचना युक्त रूप भनिन्छ भने ध्वनि संरचना विहीन रूपलाई संरचना विहीन रूप भनिन्छ । यस्ता रूपमा आउने ध्वनि संरचनाहरू उक्त रूपले बुझाउने अर्थका सङ्केतकका रूपमा रहेका हुन्छन् ।

जस्तै : रामले कलम भाँचेछ वाक्यमा आएका राम, ले, कलम, भाँच्, ए, छ अ, सबै रूपहरू संरचनायुक्त रूप हुन्

**(ई) रिक्त रूप**

ध्वनि संरचना भएर पनि अर्थ नभएको रूपलाई रिक्त रूप भनिन्छ । ध्वनि संरचना भएर त्यस ध्वनि संरचनाले बुझाउने आर्थी संरचना छैन भने त्यो रिक्त रूप हो ।

जस्तै : गुरुङसेनी (गुरुङ-स्-एनी) कोस् रिक्त रूप हो ।

**(उ) संपृक्त रूप**

एउटा रूपले एकै साथ एकभन्दा बढी अर्थ बुझाउँछ भने त्यस्तो रूपलाई सपृक्त रूप भनिन्छ । यसमा एउटै अविभाज्य ध्वनि संरचनामा एकभन्दा बढी व्याकरणिक अर्थको उपस्थिति हुन्छ ।

जस्तै : छोर+ओ= छोरो मा आएको ओ ले पुलिङ्ग तथा एक वचनको एक पटक सङ्केत गरेकोले यो संपृक्त रूप हो ।

### (ऊ) **शून्य रूप**

ध्वन्यात्मक संरचना नभउर पनि आर्थी संरचना भएका रूपहरूलाई शून्य भनिन्छ । शून्य रूपको अर्थ संरचना शून्य अर्थात् ध्वनि संरचना शून्य रूप हो । ध्वनि संरचना शून्य भए पनि अर्थको अस्तित्वका कारणबाट रूप मानिएको हो ।

जस्तै : तिमी किताब किन वाक्यमा तिमीका पछि कर्ता अथए दिने रूप छ भने किताबका पछि कर्म अर्थ बुझाउने रूप छ र किन्का पछि द्वितीय पुरुष एक वचन, सामान्य आदर, आज्ञार्थ रूप 'अ' आएको छ ।

### (ए) **संरूप**

समान अर्थ अभिव्यक्त गर्नका लागि वैकलिप्क रूपमा आएका रूपका भेद नै संरूप हुन् । ध्वन्यात्मक रूपमा केही भिन्न भए पनि अर्थगत समानता रूप संरचनामा हुन्छ संरूप परिपूरक वितरण मुक्त परिवर्तनमा आउँछन. (ढुङ्गेल, २०६८ : ११९) ।

जस्तै :

सक्छ → सक्छ<br>
सक्छ → सक्दछ<br>
सक्छ → सक्तछ

यहाँ सक्छ, सक्दछ, सक्तछ परिपूरक वितरणका आधारमा छन् । यी मध्ये त, द, संरूपका रूपमा आएका छन्

## ३.१.२ रूपायन

भाषिक प्रयोजनका लागि वाक्यमा प्रयोग हुने खालका पदहरूको रूप निर्माण गर्ने प्रक्रिया नै रूपायन हो । शब्दको रूप परिवर्तन हुने प्रक्रियालाई शब्द रूपायन भनिन्छ । सामान्यतया शब्द रूपायन भन्नाले लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव,

वाच्य, करण/अकरण आदर, कारक आदि जस्ता व्याकरणात्मक कोटिको प्रयोगबाट शब्दको रूपचल्नु भन्ने बुझिन्छ । प्रायजसो स्वतन्त्र अर्थ दिने रूपहरूसँग स्वतन्त्र अर्थ बहन गर्न नसक्ने रूपहरू जोडिएर शब्द रूपायन प्रक्रिया भएको हुन्छ । यस्तो रूपायन नाम, सर्वनाम, विशेषण र क्रिया जस्ता शब्द वर्गमा भएको पाइन्छ ( ढुङ्गेल र दाहाल, २०६८ : १२१)। नामको रूपायन लिङ्ग, वचन, आदर, कारकका आधारमा चार किसिमबाट गरिन्छ । सर्वनामको रूपायन भने वचन, पुरुष, कारक, आदर गरी चार प्रकारले गर्न सकिन्छ त्यस्तै विशेषणको रूपायन लिङ्ग, वचन, कारक र आदरका आधारमा गर्न सकिन्छ । क्रियाको रूपायन भने लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र ध्रुवियताका आधारमा गर्न सकिन्छ ।

## ३.२ वाक्यतत्त्वको परिचय

वाक्य भाषाको सबैभन्दा ठुलो व्याकरणिक एकाइ हो । वाक्यको अध्ययन विश्लेषण गर्ने भाषा विज्ञानको एक शाखा वाक्य विज्ञान हो । वाक्यभित्र पद, पदावली, उपवाक्य रहन्छन् । वाक्यमा एउटा उद्देश्य वा कर्ता र विधेय वा क्रिया रहेको हुन्छ । वाक्यमा विभिन्न पदहरू आएर वाक्यको संरचना तयार हुन्छ । (गौतम र अन्य, २०६७ : १६३) वाक्यमा आएका पदहरू विभिन्न वर्गका हुन्छन् । पद, पदावली, उपवाक्यद्वारा वाक्यको निर्माण हुन्छ । यी वाक्यका घटकहरूलाई निम्नानुसार चिनाउन सकिन्छ :

### ३.२.१ पद, पदावली र वाक्यको परिचय

**क) पद**

वाक्यमा प्रयुक्त शब्दहरू पद हुन् । पद रूपभन्दा माथिल्लो र पदावलीभन्दा तल्लो भाषिक एकाइ हो । वाक्यमा प्रयोग नभएका भाषिक एकाइ शब्द हुन् र तिनै शब्दहरू वाक्यमा प्रयोग भएपछि पद हुन्छन् । पदलाई वाक्यात्मक कार्यका आधारमा कोशीय वर्ग र व्याकरणिक वर्ग गरी छुट्याउन सकिन्छ । कोशीय अर्थ भएका पदहरू कोशीय पद हुन् भने कोशीय अर्थ व्यक्त गर्न नसकी व्याकरणात्मक कार्य गर्ने पदहरू व्याकरणात्मक पद हुन् । नाम, विशेषण, क्रिया, क्रियायोगी शाब्दिक पद हुन् भने

सर्वनाम, निर्धारक, संयोजक, विश्मयादि बोधक, निपात पदहरू व्याकरणात्मक पदहरू हुन् । यिनलाई सरल भाषामा पाँच वर्गमा निम्नानुसार विभाजन गरी अध्ययन गरिएको पाइन्छ :

### अ) नाम

कुनै वस्तु, पदार्थ, भाव आदिलाई व्यक्त गर्ने शब्दलाई नाम भनिन्छ । नामलाई संज्ञा पनि भनिन्छ । यी नाम वाक्यमा कर्ता, कर्म र पूरक आदिका विभिन्न वाक्यात्मक कार्य सम्पन्न गर्न आउँछन् । नामलाई परम्परित व्याकरण अनुसार व्यक्ति वाचक ( विशिष्ट व्यक्ति, वस्तु, र ठाउँ तोकेर जनाउने), जाति वाचक (एउटै प्रकार वा जात विशेषलाई बताउने), समूह वाचक (व्यक्ति वा वस्तुको समूह जनाउने), द्रव्य वाचक ( नाप, तौल गर्न सकिने,गणना गर्न नसकिने पदार्थ जनाउने) र भाव वाचक (देख्न नसकिने तर अनुभव गर्न नसकिने) गरी पाँच किसिमबाट वर्गीकरण गरिएको छ ( गौतम र अन्य, ०६७:१३२)।

### आ) सर्वनाम

नामको सट्टामा प्रयोग गरिने विकारी पदवर्गको शब्द सर्वनाम हो । सर्वनामलाई पुरुषका आधारमा (प्रथम, द्वितीय, तृतीय), दर्शकका आधारमा (दूरवर्ती, निकतवर्ती), सम्बन्धका आधारमा (निश्चयार्थक, अनिश्चयार्थक), प्रश्नवाचक ( निश्चयार्थक, अनिश्चयार्थक) र निच वाचक सर्वनाम गरी पाँच किसिममा वर्गीकरण गरेको पाइन्छ (ढुङ्गेल र दाहाल, ०६८:१२७)

### इ) विशेषण

नामको गुण, दोष, अवस्था, मात्रा, आकार, सङ्ख्या आदि विशेषता बुझाउने विकारी पदलाई विशेषण भनिन्छ । विशेषणलाई गुण बोधक, परिणाम बोधक, सङ्ख्या बोधक र सार्वनामिक गरी चार वर्गमा विभाजन गर्न सकिन्छ (गौतम र अन्य, ०६७:१३५) ।

ई) अव्यय

आफ्ना कोशीय अर्थ भएका वाक्यात्मक एकाइका रूपमा काम गर्ने तर व्यकरणिक कोटिका आधारमा रूपायन हुन नसक्ने अविकारी वर्गका शब्दलाई अव्यय भनिन्छ । अव्ययलाई क्रियायोगी, नामयोगी, संयोजक, विश्मयादी बोधक र निपात गरी पाँच उप भेदमा वर्गीकरण गरिएको पाइन्छ (गौतम र अन्य, ०६७: १३८)।

**उ) क्रिया**

कुनै कार्य, घटना र अवस्थालाई बुझाउने, धातुबाट बनेको र वाक्य टुङ्ग्याउने सामर्थ्य भएको विकारी वर्गको शब्द क्रिया हो । क्रियालाई समापनका आधारमा समापिका र असमापिका, अर्थ प्रधान्यका आधारमा मुख्य र सहायक, कर्मका आधारमा सकर्मक, अकर्मक, द्विकर्मक र पूरकापेक्षी गरी मूलतः चार प्रकारले वर्गीकरण गर्न सकिन्छ (गौतम र अन्य, ०६७: १३८)।

**ख) पदावली**

एक अर्कामा घनिष्ट एवम् निकटतम सम्बन्ध भएका पदहरूको समूहलाई पदावली भनिन्छ । पदावलीको संरचक घटक पद वा शब्द हो । पदावलीमा दुई वा सो भन्दा बढी पदहरू रहन्छन् । पदावलीको संरचनामा कुनै पद मुख्य पदका रूपमा रहेको हुन्छ भने कुनै पद त्यसको विस्तारकका रूपमा रहेको हुन्छ । पदावलीको मुख्य पद शीर्ष हुन्छ भने त्यसको विस्तारक पद विशेषक हुन्छ (गौतम र अन्य, ०६७:२०७) । पदावलीलाई नाम पदावली, विशेषण पदावली, क्रियाविशेषण पदावली र क्रिया पदावली गरी चार प्रकारले वर्गीकरण गर्न सकिन्छ ।

**अ) नाम पदावली**

नाम पद शीर्ष रहने पदावलीलाई नाम पदावली हो । यो एउटा पद मात्र आउने सरल नामपदावली र एकभन्दा बढी पदहरू आउने जटिल पदावली गरी वर्गीकरण गर्न

सकिन्छ । सरल नाम पदावलीमा एउटा मात्र नाम पद रहन्छ भने जटिल नाम पदावलीमा विशेषक वा निर्धारक वा दुवै आउन सक्छन् (शर्मा, ०६४: १०)।

**आ) विशेषण पदावली**

विशेषण पदशब्द शर्षि रहने पदावलीलाई विशेषण पदावली भनिन्छ। सरल विशेषण पदावलीमा एउटै मात्र विशेषण रहन सक्छ भने जटिल विशेषण पदावलीमा मात्रा वा परिणाम जनाउने क्रिया, क्रियाविशेषण विशेषकका रुमपा आउँछ ।

**इ) क्रिया पदावली**

क्रिया पद शीर्षक रहने पदावलीलाई क्रिया पदावली भनिन्छ । क्रिया पदावली सरल र जटिल प्रकारका हुन्छन् ।

**ई) क्रिया विशेषण पदावली**

क्रिया विशेषण शब्द पद शीर्ष रहने पदावलीलाई क्रिया विशेषण पदावली भनिन्छ । सरल क्रिया विशेषण पदावलीमा एउटा मात्र क्रिया विशेषण शब्दरहन्छ भने जटिल क्रिया विशेषण पदावलीमा मात्रा वा परिणाम जनाउने क्रिया विशेषण विशेषकका रूपमा आउँछ ।

## ग) वाक्य

सबैभन्दा माथिल्लो व्याकरणिक एकाइलाई वाक्य भनिन्छ । वाक्य भित्र पद, पदावली, एवम् वाक्यांशहरू रहन्छन् । संरचनात्मक आधारमा वाक्यहरू फरक फरक हुन्छन् । वाक्यमा न्यूनतम दुई पद रहन्छन् । यस्तो अवस्थामा एउटा उद्देश्य वा कर्ता रहन्छ भने अर्को विधेय वा क्रिया रहन्छ । यो सबैभन्दा सानो वाक्यको उदाहरण हो । वाक्यमा बढीमा दुई वा त्यसभन्दा बढी उपवाक्यहरू रहन्छन् । वाक्यमा रहेका पद, पदावली, वाक्या.श एवम तिनीरुको सम्बन्धका आधारमा विशेषता वाक्यलाई सरल, संयुक्त मिश्र गरी तिन प्रकारमा विभाजन गरिएको पाइन्छ ।

**(क) सरल वाक्य**

एउटा मात्र उपवाक्य भएको वाक्इलाई सरल वाक्य भनिन्छ । यसमा वाक्यको समापक भएर एउटै क्रियापद आउनु हुन्छ अन्य क्रियाहरू त्यसका सहायक भएर आउन सक्नेछन् ।

**(ख) मिश्र वाक्य**

एउटा मुख्य वाक्य र एकभन्दा बढी अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेमा त्यसलाई मिश्र वाक्य भनिन्छ । जो, जहाँ, जब, जुन, जसरी, जसले, भने, भनी, भन्ने, कि, तापनि किनिकि आदि सापेक्ष संयोजकका उदाहरण हुन् । अधीन उपवाक्यहरू वाक्यका आदि, मध्य एवम अन्त्यमा समेत आउन सक्छन् ।

**(ग) संयुक्त वाक्य**

दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्यहरूलाई निरपेक्ष संयोजकले जोडेमा त्यसलाई संयुक्त वाक्य भनिन्छ । यसमा जोडिने वाक्यहरू स्वतन्त्र हुनछन् । यस्ता उपवाक्यहरूका संयोजक झिकि दिएको खण्डमा ती उपवाक्यहरू फरक फरक सरल वाक्य पनि बन्न सक्ने खालका हुन्छन् । यस्ता संयोजकहरूमा र, अनि , पनि , तर, वा, अथवा, त्यसैले, किनभने आदि पर्दछन् ।

## ३.२.२ व्याकरणात्मक प्रकार्यको परिचय

वाक्यमा विभिन्न  पदहरूको क्रमबद्ध र व्यवस्थित रखाइ हुन्छ । वाक्य व्याकरणिक दृष्टिले सबभन्दा ठूलो एकाइ भएकाले वाक्यमा न्यूनतम दुईवटा पद र आवश्यकता अनुसार त्यसभन्दा बढी पदहरू रहन्छन वाक्यमा भित्र प्रयोग भएका पदहरूले वाक्यात्मक एवम् व्याकणिक कार्य गर्दछन्  । वाक्यभित्र रहेर पदले गर्ने व्याकरणिक कार्य नै व्याकरणात्मक प्रकार्य हो (गौतम र अन्य, २०६७ : २०४) । वाक्यमा नाम, सर्वनाम, विशेषण, क्रिया आदि विभिन्न वर्गका शब्दले व्याकरणिक कार्य

पूरा गर्ने उद्देश्य विधेय पूरक आदि भएर आएका हुन्छन् (गौतम र अन्य , २०६७ : २०४) ।

जस्तै राम विद्यार्थी हो भन्ने वाक्यमा राम उद्देश्य, विद्यार्थी पूरक र हो क्रिया वा विधेयका रूपमा रहेका छन् । वाक्यमा क्रियाको कार्य सम्पन्न गर्न आउने नामिक पद वा पदावली उद्देश्य हो उद्देश्य वाक्यको कर्ता हो । वाक्यमा विधेक खण्ड अन्तर्गतको विस्तार भई आउने पद कर्म हो भने वाक्यमा आएको विधेयकको वाक्यात्मक कार्य र अर्थ पूरा गर्न आउने अर्को पद चाहिँ पूरक हो (गौतम र अन्य, २०६७ : २०-६२०७) । यसरी वाक्य तत्वले व्याकरणात्मक प्रकार्य पूरा गरेका हुन्छन् ।

# चौथो परिच्छेद

# दिव्योपदेशको रूपतात्त्विक विश्लेषण

## ४.१ रूपको परिचय

भाषाको सबैभन्दा सानो व्याकरणिक एकाइ रूप हो । यो वर्णभन्दा ठूलो र पद भन्दा सानो भाषिक एकाइ मानिन्छ । कोशीय र व्याकरणिक दृष्टिले रूप अर्थ युक्त हुन्छ । त्यसैले यसलाई नाइडाले सबैभन्दा सानो अर्थयुक्त एकाइ रूप मानेका छन् (गौतम र अन्य २०६७ : ८३) । रूपलाई पदको संरचक तत्व पनि हो । यो परिपूरुक र मुक्त वितरणमा भिन्न संरचनामा आउँछ । यो पदको संरचक तत्त्व पनि हो , पूर्वमा वैदिक युगदेखि भाषाको अध्ययन प्रारम्भ भएको र लामो भाषिक परम्पराभित्र शब्द निर्माणको एक घटकमा रूपलाई समेटिएको देखिन्छ । पदका संरचकका रूपमा रहेका धातु, सर्ग र प्रतिपदिक तथा सर्गलाई रूपविज्ञानले रूपका तहमा लिएको छ। निरुक्तकार यास्कले शब्दका संरचकहरूको चर्चा गर्दा सबै नाम धातुबाट उत्पन्न हुन्छन् भन्ने उनको धारणाले रूपका बारेमा पूर्वमा समृद्ध परम्परा रहेको देखिन्छ । भाषाशास्त्री रविन्सले प्राचीन भारतीयहरूका विभिन्न उपलब्धि हो जसमध्ये पाणिनी सबैभन्दा सुप्रसिद्ध रही आएका छन् भन्दै यसलाई पश्चिमीहरूले पूर्वले लगाएको भाषिक ऋणका रूपमा लिएका छन्  (गौतम र अन्य २०६७ : ८४) ।

## ४.२ रूपका प्रकार

नेपाली भाषाका रूपलाई संरचना, अर्थ र प्रकार्यका आधारमा मुक्तरूप बुद्ध रूप, व्यक्त रूप, रिक्तरूप, संपृक्त र शून्य रूप आदि छ प्रकारबाट वर्गीकृत गरिएको छ ।

### (अ) मुक्त रूप

अर्को कुनै रूपविना स्वतन्त्र रूपले पदावली वा वाक्यमा प्रयोगमा आउन सक्ने रूपहरू मुक्त रूप हुन् । मुक्त रूपहरू एक्लै स्वतन्त्र रूपमा आउन पनि सक्छन् र

अन्य रूपसँग गाँसिएर पनि आउन सक्छन् । मुक्त रूपको आफ्नो छुट्टै कोशीय अर्थ र व्याकरणिक अर्थ रहन्छ । जस्तै :

चीन बादशाहसित ठूलो घाहा राख्नु ।

त्यो महा चतुर छ ।

पोखराको हटियामा डेरा गरि बस्याको छ ।

माथिका उदाहरणमा चीन बादशाह, ठूलो, घाहा, त्यो महा चतुर , पोखरा, हटिया, डेरा मुक्त रूप हुन् यी वाक्यमा स्वतन्त्र रूपमा प्रयोग भएका छन् ।

(आ) स्वतन्त्र रूपमा पदावली वा वाक्य प्रयोगमा आउन नसक्ने वा अर्को कुनै रूपविना पदका रूपमा प्रयोगमा आउन नसक्ने रूपहरूलाई बद्ध रूप भनिन्छ । बद्ध रूपहरू स्वतन्त्र रूपमा नआई मुक्त रूपसँगै गाँसिएर मात्र आउँछन् । जस्तै :

लमजुङे राजा रिपुमर्दन शाहसित भेट गर्न भनी गएँ ।

चेपे घाटमा भेट भयो ।

मलाई आश्चर्य लाग्यो ।

माथिको उदाहरणमा ए, सित, इ जा ए मा अ, यो र लाई , यो जस्ता बद्ध रूपकहरू वाक्यमा स्वतन्त्र रूपमा प्रयोग भएका छैनन् ।

**(इ) संरचनायुक्त रूप**

ध्वनि संरचनायुक्त रूपलाई संरचना युक्त रूप भनिन्छ भने ध्वनि संरचना विहीन रूपलाई संरचना विहीन रूप भनिन्छ । यस्ता रूपमा आउने ध्वनि संरचनाहरू उक्त रूपले बुझाउने अर्थका सङ्केतकका रूपमा रहेका हुन्छन् । जस्तै :

यी (ई) दुवै बरोबर हुन् ।

तिनले लैजान्छन् ।

माथिको उदाहरण मा यी, बरोबर, हुँ, न् तिनी ले, लैजान्छन् जस्ता रूपहरूको ध्वनि भएको र यस अनुरूप अर्थ भएकाले संरचनायुक्त रूप हुन् ।

**(ई) रिक्त रूप**

ध्वनि संरचना भएर पनि अर्थ नभएको रूपलाई रिक्त रूप भनिन्छ । ध्वनि संरचना भएर त्यस ध्वनि संरचनाले बुझाउने आर्थी संरचना छैन भने त्यो रिक्त रूप हो जस्तै :

राख्याथ्यो : राख्थ्यो (राख् थ्यो) राख्+एको+थ्यो

गरिछाड्द्छन् : गरि, छाड्, छन् (गर+इ+छाड्+द+छन्)

माथिको उदाहरणमा राख, थ्यो, ले अर्थ छ तर 'या' को ध्वनि भए पनि अर्थ छैन र गरी, छाड्, छन् को ध्वनिको अर्थ भए पनि द ध्वनिको अर्थ छैन । त्यसैले आ, या र द् रिक्त रूप हुन् ।

**(उ) संपृक्त रूप**

एउटा रूपले एकै साथ एकभन्दा बढी अर्थ बुझाउँछ भने त्यस्तो रूपलाई सपृक्त रूप भनिन्छ। यसमा एउटै अविभाज्य ध्वनि संरचनामा एकभन्दा बढी व्याकरणिक अर्थको उपस्थिति हुन्छ , जस्तैः

छोरा छोर्+ओ

छोरी छोर् +ई

छोरा छोर् +आ

माथिको उदाहरण (क) मा आएको छोरो, छोरी, छोरा शब्दहरूमा छोर् मा ओ, ई र आ रूपहरू छन् । ओ ले पुलिङ्ग एकवचन, आले पुलिङ्ग बहुवचन र ईले स्त्रीलिङ्ग एकवचन अर्थ बुझाएका छन् । यहाँ यी तीनवटै रूप ओ, ई, आ ले लिङ्ग र वचन दुवैलाई बुझाएको हुँदा एक भन्दा बढी व्याकरिणक अर्थको सङ्केत गरेको हुँदा संपृक्त रूप हुन् ।

### (ऊ) शून्य रूप

ध्वन्यात्मक संरचना नभएर पनि आर्थी संरचना भएका रूपहरूलाई शून्य भनिन्छ । शून्य रूपको अर्थ संरचना शून्य अर्थात् ध्वनि संरचना शून्य रूप हो । ध्वनि संरचना शून्य भए पनि अर्थको अस्तित्वका कारणबाट रूप मानिएको हो । जस्तैः

तिमी शास्त्र बमोजिम अदालत चलाउनू


आफू सिपाही नमार्नू  आफू (ले) सिपाही (लाई) नमार्नु


माथिको उदाहरणको तिमीका पछि कर्ता अर्थ दिने रूप छ भने अदालतलको पछि कर्म अर्थ बुझाउने रूप छ र चलाउनूका पछाडि द्वितीय पुरुष, एकवचन, सामान्य आदरार्थी आज्ञार्थक रूप ऊ आएको छ ।त्यसै गरी आफू पछि कर्ता अर्थ दिने सिपाही पछि कर्म अर्थ दिने रूप र नमार्नू पछि आज्ञार्थ बुझाउने रूप छ तर प्रथम, पुरुष, एकवचन, आज्ञार्थक अर्थ पनि बुझाएको छ तर ध्वन्यात्मक संरचना नभएकोले यी शून्य रूप हुन् ।

### (ए) संरूप

समान अर्थ अभिव्यक्त गर्नका लागि वैकल्पिक रूपमा आएका रूपका भेद नै संरूप हुन् । ध्वन्यात्मक रूपमा केही भिन्न भए पनि अर्थगत समानता रूप  र संरूपमा हुन्छ संरूप परिपूरक वितरण मुक्त परिवर्तनमा आउँछन (ढुङ्गेल र दाहाल, २०६८ : ११९)। दिव्योपदेश रचनामा पाइने संरूपहरू निम्नानुसार छन् :

सोर = सवञ्ह, १६,






## ४.३ रूपायन

शब्दको रूप परिवर्तन हुने प्रक्रियालाई शब्द रूपायन भनिन्छ । भाषिक प्रयोजनका लागि वाक्यमा प्रयोग हुने खालका पदहरूको रूप निर्माण गर्ने प्रक्रिया नै रूपायन हो । सामान्यतया शब्द रूपायन भन्नाले लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, करण/अकरण आदर, कारक आदि जस्ता व्याकरणात्मक कोटिको प्रयोगबाट शब्दको रूपचल्नु भन्ने बुझिन्छ । प्रायजसो स्वतन्त्र अर्थ दिने रूपहरूसँग स्वतन्त्र अर्थ बहन गर्न नसक्ने रूपहरू जोडिएर शब्द रूपायन प्रक्रिया भएको हुन्छ । यस्तो रूपायन नाम, सर्वनाम, विशेषण र क्रिया जस्ता शब्द वर्गमा भएको पाइन्छ (ढुङ्गेल र दाहाल, २०६८ : १२१)।

### ४.३.१ दिव्योपदेश कृतिमा नामको रूपायन

नामको रूपायन लिङ्ग, वचन, कारक र आदरका आधारमा गर्न सकिन्छ । दिव्योपदेशमा प्रयुक्त यस्ता रूपायनलाई निम्नानुसार देखाउन सकिन्छ :

**(क) लिङ्गका आधारमा नामको रूपायन**

लिङ्गका आधारमा नामको रूपायन हुँदा सामान्यत पुलिङ्गी नामको पछाडि 'इ/एनी/इनी' प्रत्यय थपिएर स्त्रीलिङ्गी शब्द बनेको हुन्छ (ढुङ्गेल र दाहाल, २०६८ : १२६)। दिव्योपदेशमा यस्ता प्रक्रिया देखिन्छ जसलाई निम्नानुसार देखाउन सकिन्छ :

| मूल अंश (आधार पद ) | पुलिङ्ग | स्त्रीलिङ्ग | पाठ |
|---|---|---|---|
| तँ | तेरो | तेरी | तेरी छोरी |
| छोर् | छोरो | छोरी | रानाकी छोरी |

| | | | |
|---|---|---|---|
| राना | रानाको | रानाकी | रानाकी छोरी हुँ भनिन् |
| इन्द्र | इन्द्रको | इन्द्रायेनी | वेत्रावतिका बेनि इन्द्रायेनिका थानमा |
| देव | देव | देवी | सल्यानकोटकी देवी |
| भैरव | भैरव | भैरवी | ध्यानभन्दा सल्यानकोटिक देवीकोट इन्द्रायनि भैरवीको गर्थ्या |
| जेठ | जेठो | जेठी | जेठि तरवार रानाको थापलामा हाल्योस् |

**(ख) वचनका आधारमा नामको रूपायन**

वचनका आधारमा नामको रूपायन हुँदा एकवचन नामको पछाडिको ओकारान्त रूप आकारान्तमा परिवर्तन भएर बहुवचन रूप निर्माण हुन्छ । प्रायजसो नामको बहुवचन निर्माण हुँदा नामका पछाडि ‘हरू’ लागेको पाइन्छ ( ढुङ्गेल र दाहाल, २०६८ : १२६)। दिव्योपदेशमा यस्तो प्रक्रियाको रूपायन प्रशस्त पाइन्छ । जसका केही उदाहरण निम्नानुसार देखाउन सकिन्छ :

| **एकवचन** | **बहुवचन** | **पाठ** |
|---|---|---|
| बुढो | बुढा | बुढा मरै भाषा सरै |
| ब्राह्मण | ब्राह्मणह्रू | ब्राह्मणहरू इनैलाई दछिना मोंन चलाई दिनु |
| सिपाही | सिपाहीहरू | सिपाहीहरूको  घर षेत् मिलाई दिन |
| रैति | रैतिहरू | राजाका भण्डार भनेका रैतानहरू हुन् |
| गौडो | गौडा | ढोकामा भया पनि गौडामा भया पनि |
| मोटो | मोटा | प्रजा मोटा भया |

### (ग) कारकका आधारमा नामको रूपायन

ओकारान्तमा नाम शब्द सरल कारकको हो । नाममा विभक्ति रूप लाग्दा, बहुवचन रूप बन्दा र आदर जनाउँदा नाम शब्द तिर्यक कारकमा परिवर्तन हुन्छ । यस्तो अवस्थामा नाम शब्द आकारान्त रूपमा परिवर्तन हुन्छ (ढुङ्गेल र दाहाल, २०६८ : १२६)। दिव्योपदेशभित्र यस्ता प्रशस्त उदाहरण पाइन्छन् । जसलाई निम्न अनुसार देखाउन सकिन्छ :

| सरल कारक | तिर्यक कारक | पाठ |
|---|---|---|
| गौडो | गौडा | गौडामा  भया पनि |
| बुढो | बुढा | बुढा मरै भाषा सरै |
| जैसी | जैसीहरू | ब्राह्मणहरू इनैलाई  दक्षिना भोजन चलाई दिनु |
| सिपाही | सिपाहीहरू | सिपाहीहरूको छाती बलियो रहन्छ |
| नेवार | नेवारहरू | नेवारहरूको नाच झिकाइ हेर्‍या |
| खोपि | खोपिका | हामी तिन खोपिका |
| बोको | बोका | सात जग्गा सातै बोका थपि |

### (घ)आदरका आधारमा नामको रूपायन

ओकारान्त एकवचन नाम एकवचनमै आदरका आधारमा रूपायन हुँदा आकारान्तमा परिवर्तन भएको पाइन्छ । ओकारान्त बाहेकको नाम आदरका आधारमा रूपयित हुँदा त्यसको रूपमा परिवर्तन भएको पाइँदैन (ढुङ्गेल र दाहाल, २०६८ : १२७)। दिव्योपदेशमा आदरका आदरमा नामको रूपायन भएका केही उदाहरणलाई निम्नानुसार देखाउन सकिन्छ :

| परिवर्तन हुने | | | परिवर्तन नहुने | | |
|---|---|---|---|---|---|
| **सामान्य** | **आदर** | **पाठ** | **सामान्य** | **आदर** | **पाठ** |
| बुढो | बुढा | बुढा मरै भाषा सरै | राजा | राजा | राजाका भण्डार भन्याका पुतानहरू हुन् |
| कुरो | कुरा | मलाई इवटा कुराको सहयह लागिरहेछ | मामा | मामा | मामाज्यूमकुवानपुर पनि पुगि आञा |
| | | | पुजारी | पुजारी | पुजारी रानकी छोरि हुँ |

## ४.३.२. दिव्योपदेशमा सर्वनामको रूपायन

नामको सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनामले लिङ्ग बोध नगराए पनि पुरुष बोध भने गराउँछ। सर्वनामको रूपायन नामको झै वचन, कारक, र आदरका आधारमा हुन्छ । यद्यपि नामको रूपायन लिङ्गको आधारमा भएझै सर्वनामको रूपायन पुरुषका आधारमा हुन्छ (ढुङ्गेल र दाहाल, २०६८ : १२७) । यस प्रकार सर्वनामको रूपायन वचन, पुरुष, कारक र आदरको आधारमा हुन्छ । यी विभिन्न प्रकारका सर्वनामको रूपायन दिव्योपदेशमा पाइन्छ । दिव्योपदेशभित्रका सर्वनामको रूपायनका उदाहरणहरू निम्नानुसार देखाउन सकिन्छ :

### क) वचनका आधारमा सर्वनामको रूपायन

वचनका आधारमा सर्वनामको रूपायन हुँदा प्रश्न वाचक, सम्बन्ध वाचक र अनिश्चयवाचक सर्वनाम बाहेक अरु सबै सर्वनामका एकवचन र बहुवचन रूप पाइन्छ । वचनका आधारमा सर्वनामको रूपायन भएका दिव्योपदेशका केही उदाहरण निम्नानुसार देखाउन सकिन्छ :

| एकवचन | बहुवचन | पाठ |
|---|---|---|
| तिमी | तिमीहरू | तिमीहरू सबै छेउ सुनाइगयाको भया |
| म | हामी | हामीले देष्ता पाचपाण्डुवाको अवतार भया |
| इँ | इनिहरू | इनिहरूको जीव जान्या बिराम गर्‍याको भया पनि आफूले नमानुँ |
| अर्को | अरु | मानुजैसी, कलानन्द, जैसी अरु थर घर पनि साथैमा थिया |

**ख) पुरुषका आधारमा सर्वनामको रूपायन**

दिव्योपदेशमा पुरुषका आधारमा रूपायन भएका उदाहरण प्रशस्तै पाइन्छ । यस्ता केही उदाहरण निम्नानुसार देखाउन सकिन्छ ।

| वचन | प्रथम पुरुष | द्वितीय पुरुष | पाठ | तृतीय पुरुष | पाठ |
|---|---|---|---|---|---|
| एकवचन | म | तिमी, | तिमी कसकि छोरी | उ | उ दुवै षड्ग मेरा हात मादिन् |
| | आफू | हजुर | बिन्ती हजुरमा गर्‍याकै हो | | ई बाईस चौबिस आयो भन्दा चेप्यामा रगतको नदी बहाडला |
| बहुवचन | हामी, आफ्ना | तिमीहरू | तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउन | इ (यी) | तिमीहरू सबै छेउ सुनाइ गया |

## ग) कारकका आधारमा सर्वनामको रूपायन

दिव्योपदेश कृतिभित्र तिर्यक कारकका आधारमा रूपायन भएको पाइन्छ । यस्ता रूपायनका केही उदाहरण निम्नानुसार देखाउन सकिन्छ :

| सरल करक | तिर्यक कारक | पाठ |
|---|---|---|
| मेरो | मेरा | उ दुवै षड्ग मेरा हातमा दिन् |
| उ (ऊ) | उनीहरू | तिमीहरू सबै छेउ सुनाइ गया |
| यो | इ (यी) | लडाञीमा पनि हान्या र सष दिन्या ई दुवै बराबर हुन |
| आफू | आफ्नै | आफ्ना ददा र सुरथिसिं राना सबैका बुढापाका छेउ हुकुम भया |
| को | कसै | जसै अर्काको छत्रभङ्ग गर्न म जान्छु |
| यो | यस्ता | मैले थापा पाञा |
| को | कसले | हाम्रा नुनका सेषले झुकाई दिने पं बाह्रै वर्षमा मेरा भाइ |
| ति | तिनले | उस्का लस्करहरू भात षान्या वषत्मा अवसर हेरि बेठाई ओयो । |

## घ) आदरका आधारमा सर्वनामको रूपायन

दिव्योपदेशमा आदरका आधारमा प्रशस्तै रूपायन पाइन्छ । केही उदाहरण निम्नानुसार देखाउन सकिन्छ :

| आदर | द्वितीय पुरुष | तृतीय पुरुष | पाठ |
|---|---|---|---|
| अनादरवाची | तँ, तेरो, तेरी | उ (ऊ) इ (यी) | त्यो महाचतुर छ |
| मध्यम आदरार्थी | तिमी, (तिनीहरू) | इनि (यिनीहरू) | इनिहरूको जीव छ जान्या मैले भन्दा हजुरले गौ ब्रह्मान अतिब फर्कि र ... |
| उच्चआदरार्थी | हजुर | - | |

## ४.३.३. दिव्योपदेशभित्र विशेषणको रूपायन

विशेषणको आफ्नो स्वतन्त्र कुनै लिङ्ग, वचन, कारक र आदर हुँदैन तर यसले विशेष्यको लिङ्ग, वचन, कारक र आदरमा रहनुपर्दछ । त्यसैले विशेष्य वा नामपदको झैं विशेषणको रूपायन लिङ्ग, वचन, कारक र आदरका आधारमा गरिन्छ (ढुङ्गेल र दाहाल, २०६८ : १२८) । दिव्योपदेशभित्र विशेषणको रूपायन भएका उदाहरणहरू सामान्य रूपमा पाउन सकिन्छ । यस प्रकारको प्रयोगलाई निम्नानुसार देखाउन सकिन्छ :

**क) लिङ्गका आधारमा विशेषणको रूपायन**

दिव्योपदेश भित्र लिङ्गका आधारमा विशेषणको रूपायन भएका केही उदाहरण निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

| पुलिङ्ग | स्त्रीलिङ्ग | पाठ |
|---|---|---|
| तेरो | तेरी | तेरि छोरि सिवराम बस्न्यातको छोरो के हो सिंह बस्न्यात्लाई देउ |
| लिएको | लिएकी | दुई हातमा दुई षड्ग लियाकी |

| | | |
|---|---|---|
| वर्षको | वर्षकी | सात आठ वर्षकी कन्या |
| कस्को | कस्की | तिमी कसकी छोरि हौ |
| रानाको | रानाकी | पुजाहरि रानाकी छोरि हुँ |
| सल्यानकोटको | सल्यानकोटकी | सल्यान् कोटकी देवी साछ्यात् छन् |

**ख) वचनका आधारमा विशेषणको रूपायन**

दिव्योपदेशभित्र वचनका आधारमा रूपायन भएका उदाहरूणहरू प्राप्त गर्न सकिन्छ । यस्ता रूपायनका केही उदाहरणहरू निम्नानुसार देखाउन सकिन्छ :

| एकवचन | बहुवचन | पाठ |
|---|---|---|
| षोपिको (खोपिको) | षोपिका (खोपिका) | हामि तिन षोपिका पााच पाण्डुवाको अवतार भयाका थिञुं |
| पेटको कुरो | पेटका कुरा | मेरा पेटका कुरा कसो गरि जानेउ |
| तिम्रो | तम्म्र (तिम्रा) | तम्रा सन्तानले हाम्रा सन्तानलाई सताउन |
| जयप्रकाश मल्लको | जयप्रकाश मल्लका | जयप्रकाश मल्लका मतलप्लाई दषिनबाट नागा झिकाया |
| आफ्नु | आफ्ना | आफ्ना घरका पुराना सेवक जाँची हजुरमा हरोदम राखी |
| मोरो सानु | मेरा साना | मेरा साना दु षले आर्ज्याको मुलुक होइन |
| छोरो | छोरा | उस्का छोरा षुडा हान्या नहुन्ज्यास् मरवट् दिन |

## (ग) कारकका आधारमा विशेषणको रूपायन

दिव्योपदेश भित्र कारकका आधारमा विशेषणको रूपायन भएको स्थिति छ । यहाँ कारकका आधारमा विशेषणको रूपायनभएका केही उदाहरण यसरी देखाउन सकिन्छ ।

| सरल कारक | तिर्यक कारक | पाठ |
|---|---|---|
| पेटको | पेटका | मेरा पेटका कुरा सो गरी जानेउ |
| आफ्नु | आफ्ना | आफ्ना घरका पुराना सेवक जाँची हजुरमा हरोदम राखी |
| मेरो | मेरा | मेरा साना दु षले आर्ज्याको मुलुक होइन |
| मोटो | मोटा | प्रजामोटा भया दर्बार बलियो रहन्छ |
| पाडेको | पाडेका | कालु पाण्डेका सन्तानलाई नछुटाउनु |
| पुरानु | पुराना | आफ्ना घरका पुराना सेवक जाँची हजुरमा हरोदम राषी |

## घ) आदरका आधारमा विशेषणको रूपायन

दिव्योपदेश कृतिमा आदरका आधारमा रूपायन भएछ । उदाहरणहरू सामान्य रूपमा पाउन सकिन्छ । यस्ता केही उदाहरणलाई निम्नानुसार देखाउन सकिन्छ :

| सामान्य | आदर | पाठ |
|---|---|---|
| जयप्रकाश मल्लको | जयप्रकाश मल्लका | काश मल्लका मतलप्लाई दषिनबाट नागा झिकाया |
| बडो ठुलो | बडो बडा ठुला | रागतानमा बडो ठुला मोह हुन्छ |
| आफनु स्वषासुख | आफना स्वष (सुस) | आफ्ना घरका पुराना सेवक जाँची |

| | | |
|---|---|---|
| राजाको भण्डार | राजाका भण्डार | राजाका भंडार भन्याका रैतानरु हुन् |
| सल्यानेको थर | सल्यानिको थर | सल्यानीको घरघर बराहा उमराउहरूसित सुध्यात्रा |
| स्वभ्को (सोभ्को) सेवक | स्वभ्का (सोभ्का) सेवक | ई मेरा नुनगुन्का स्वभ्का सेवक हुन् |

यसरी आदर जनाउने क्रममा ओकारान्त अनादर विशेषण नाममा भ्कै आकारान्तमा पडिवर्तन भए र आदर बुभ्काउने भएको पाइन्छ ।

## ४.३.४ दिव्योपदेशमा क्रियापदको रूपायन

धातुमा रूपायन प्रत्यय लागि रूपहरू बन्ने प्रक्रियालाई क्रियापदको रूपायन भनिन्छ (अधिकारी, ०५५: १३४) । क्रियाको रूपायन लिङ्ग बचन , पुरुष आदर, काल, पक्ष, भाव, वाच्य र करण अकरणका आधारमा गरिन्छ । यी विभिन्न आधारबाट भएका क्रियाको रूपायनहरूलाई छुट्टै शीर्षकमा निम्नानुसार देखाउन सकिन्छ :

### क) लिङ्गका आधारमा क्रियापदको रूपायन

दिव्योपदेश भित्र लिङ्गका आधारमा क्रियापदको रूपायन भएका उदाहरण सामान्य रूपमा पाइन्छन् । यस्ता केही उदाहरणलाई निम्नानुसार देखाउन सकिन्छ :

| पुलिङ्ग | स्त्रीलिङ्ग | पाठ |
|---|---|---|
| लियाको (लिएको) | लियाकी (लिएकी) | दुई हातमा दुई षड्ग लियाकी सात आठ वर्षकी कन्या |
| (आए) आया | आयन् | म छेउ आइन् |
| भने | भनिन् | रानाकी छोरि हुँ भनिन् |

| | | |
|---|---|---|
| दियो (दिए) | दिन (दिइन) | दुवै षडग मेरा हातमा दिन् |
| गएथे | गैथिन् (गईथिन्) | जसै दुई पाइला गैथिन् |

**ख) वचनका आधारमा क्रियापदको रूपायन**

दिव्योपदेश कृति भित्र वचनका आधारमा क्रियापदको रूपायन भएका उदाहरण प्रशस्त रूपमा प्राप्त गर्न सकिन्छ । यस्ता केही उदाहरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

| **एकवचन** | **बहुवचन** | **पाठ** |
|---|---|---|
| मरो | मरे | बुढा मरे (भरे) |
| सरो | सरे | भाषा सरै (सरे) |
| गए | गञुँ (गंयौ) | नेपाल पनि देषि आउन भनि मकुवानपुर गञु |
| थिएँ | थियौँ | पाँच पाण्डुवाको अवतार  भयाका थिञु |
| छ | छन् | मेरा साथमा चार जानका सिपाहि छन् |
| भन्छ | भन्छन् | अब बाईसी चौबिसीले क्या भन्छन् |
| पस्दैन | पस्दैनन् | ई मेरा नुन गुन्का  स्वभ्का सेवक हुन् |

**ग) पुरुषका आधारमा क्रियापदको रूपायन**

दिव्योपदेशभित्र पुरुष आधारमा क्रियापदको रूपायन भएका उदाहरणहरू सहज रूपमा प्राप्त गर्न सकिन्छ । यस्ता केही उदाहरणलाई निम्नानुसार देखाउन सकिन्छ :

| प्रथम | द्वितीय | पाठ | तृतीय | पाठ |
|---|---|---|---|---|
| - | - | | मरे | बुढा मर्रे |
| छु | छस्, छौ, छ | देउदेउताको मानिता बहुतै राषनुभयाको छ। | | |
| दिन्छ | - | नवलाषि हिराको हार दिन्छौ | - | |
| दिएँ | - | | दिए | घरेस बलियो राख्ये छ भन्ने सल्लाह दिए |
| आत्राँ (आएँ) | आउ | नेपाल पनि देषि आउ | | |
| ल्याउँछु | ल्याउ | डोला पनि लैयाउ | | |

**घ) आदरका आधारमा क्रियापदको रूपायन**

दिव्योपदेशमा आदरका आधारमा क्रियापदको रूपायन भएका उदाहरणहरू सामान्य रूपमा प्राप्त गर्न सकिन्छ । क्रियाको आदरका आधार दिव्योपदेशभित्रका रूपायन भएका केही उदाहरण निम्नानुसार छन् :

| द्वितीय | आदर | पाठ |
|---|---|---|
| अनादरवाची : छाडिदे आइज | आयो | भात षान्या वषत्मा अवसर हेरि बैठाइ आयो |
| मध्यम आदरवाची : गर्नु राख्नु | भनिन | पुजाहरि रानाकी छोरि हुँ भनिन् |
| उच्च आदरवाची : पाउनुभएछ | आउनुभयो | श्री गोरषनाथको दर्सनलाई गोर्षामा |

| | | |
|---|---|---|
| | | आउनुभया |
| उच्चतर आदरावची हुकुमभया | बक्सनुभयो | अर्तिबक्सनु भयो हुँदो हो |

**ङ) कालका आधारमा क्रियापदको रूपायन**

दीवियोपदेश भित्र कालका आधारमा रूपायन भएको स्थिति प्राप्त गर्न सकिन्छ । यस्ता केही उदाहरणलाई निम्नानुसार देखाउन सकिन्छ ।

| **वर्तमान काल** | | **भूतकाल** | | **भविष्यत काल** | |
|---|---|---|---|---|---|
| **क्रिया** | **पाठ** | **क्रिया** | **पाठ** | **क्रिया** | **पाठ** |
| छ | हाम्रा हातमा सरसोतीको वरदान छ | थियो | थीती बाँधिजालदाभन्द्दा अबीलाषा थियो | हुन्याछ | तेसैदिनको सायलते नुवाकोट साध्य हुन्या छ |
| रहन्छ | | छ | | जाँदैन | यस्वभया नगद देस जाँदैन |
| हुँ | म हजुरैको हुँ | | | | |
| हुन्छ | आफ्नुकाज फत्य हुन्छ | चढ्यो | नवाफ मकुवानपुरमा चढ्यो | आउन्याछ | किल्ला षोजन आउन्या छ |
| हो | यो अैस्वर्जे गऱ्या को हो | पठायो | | काकिटन्या छ | चुरे धाटिमा षुबै कान्यिा छ |
| सेवक | इ मेरा नुन गुन्का स्वभ्का सेवक हुन् | गयो | यकान्तबाट गोर्षा गयउ | चलने छैन | यस्ताहरूको पनि केही चल्ने छैन |
| हुन् | इ राजाका महासतुर हुन् | | मलाई आसर्जे लाग्यो | हुनेछ | हजुरलाई नेपालको राजबस्य हुनैछ |

### (च) पक्षका आधारमा क्रियापदको रूपायन

दिव्योपदेश भित्र, पक्षका आधारमा क्रियाको रूपायन भएको उदाहरण प्रशस्तै पाइन्छ । यस्तो केही उदहारणलाई निम्नानुसार देखाउन सकिन्छ ।

| **सामान्य** | **पूर्ण** | **अपूर्ण** | **अभ्यस्त** | **अज्ञात** |
|---|---|---|---|---|
| थियो | राष्याकृया (राखेको थियो ) | गरिराष्याथ्या ? | गवर्या (गथ्यो) | रहेछ |
| रहन्छ | (भएको हो ) | (गर्दै थिए) | भयोथ्यो | चाहारहेछ |
| हुन्याछ | भयाको हो | परिरहेछ ? | रहेथ्यो | रहेछु |
| छाड्दछन् | गैथिन् (गएकी थिइन्) | | (रहेको थियो ) | |

### (छ) वाच्यका आधारमा क्रियापदको रूपायन

दिव्योपदेश भित्र वाच्यका आधारमा क्रियापदको रूपायन भएका केही उदाहरणलाई निम्नानुसार देखाइन्छ ।

| कर्तृ वाच्य | कर्म वाच्य | भाव वाच्य |
|---|---|---|
| चढ्यो | - | - |
| पठायो | - | - |
| रहन्छ | - | - |
| हुँदैन | - | - |

**ज) करण/अकरणका आधारमा क्रियापदको रूपायन**

दिव्योपदेशमा करण अकरणका आधारमा क्रियापदको रूपायन भएका प्रशस्त उदाहरण प्राशस्त प्राप्त गर्न सकिन्छ। जसलाई निम्नानुसार देखाइन्छ :

| करण | अकरण | पाठ |
|---|---|---|
| छ | चल्ने छैन, दिन्न | राजाले सेवकलाई घरमा नमार्नु |
| राषनु (राख्नु) | हुँदैन , सकैनन् (सक्दैनन्) | पाडेका सन्तानलाई नछुटाउनु |

**झ) अर्थ वा भावका आधारमा क्रियापदको रूपायन**

दिव्योपदेश भित्र अर्थ वा भावका आधारमा समेत क्रियापदको रूपायन भएको देखिन्छ । यहाँ प्रयुक्त केही अर्थ वा भावका आधारमा भएको क्रियापदको रूपायनलाई निम्नानुसार देखाउन सकिन्छ ।

| अर्थ | दिव्योपदेशमा प्रयुक्त केही क्रिया पदावली | पाठ |
|---|---|---|
| सामान्यर्थ : | चढ्यो , थियो | हाम्रा मुमाहरू तिन हुन् |
| आज्ञार्थ : | गर्नु, आउ | ख्वामितको नुनको उधार गर्नु |
| इच्छार्थ : | राख्नु (राख्नु) होउन मिलाई दिनुकिल्ला मिलाउनु | लडात्रीमा पनि र सष दिन्या ई दुवै बराबर हुन ओउन |
| सङ्केतार्थ : दिजानु भयो | भया हुँदोहो (भए हुँने थियो) पुगि आयाँ (पुगेर आए) | इतिनै सहरको राजा हुन पायाता हुँदो हो |
| सम्भावना : | फत्य होला, भनेला, दिउँला, बनाउला | गुरु प्रोहित भैया छ भारदार भिर उमराउको घर बनाई छट्टा दरबार बनाउला |

# पाँचौं परिच्छेद

# दिव्योपदेश कृतिको वाक्य व्यवस्थापन अध्ययन

## ५.वाक्यको परिचय

सबैभन्दा माथिल्लो व्याकरणिक एकाइलाई वाक्य भनिन्छ । वाक्य भित्र पद, पदावली, एवम् वाक्यांशहरू रहन्छन् । संरचनात्मक आधारमा वाक्यहरू फरक फरक हुन्छन् । वाक्यमा न्यूनतम दुई पद रहन्छन् । यस्तो अवस्थामा एउटा उद्देश्य वा कर्ता रहन्छ भने अर्को विधेय वा क्रिया रहन्छ । यो सबैभन्दा सानो वाक्यको उदाहरण हो । वाक्यमा बढीमा दुई वा त्यसभन्दा बढी उपवाक्यहरू रहन्छन् । वाक्यमा रहेका पद, पदावली, वाक्या.श एवम तिनीरुको सम्बन्धका आधारमा विशेषता वाक्यलाई सरल, संयुक्त मिश्र गरी तिन प्रकारमा विभाजन गरिएको पाइन्छ । दिव्योपदेश रचनामा आएका वाक्यहरू र वाक्य तत्वको अध्ययन गर्दा पद ,पदवली उपवाक्य र वाक्यका तहमा निम्नानुसार अध्ययन गर्न सकिन्छ : देखाउन सकिन्छ जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ५.१. शब्द (पद) वर्गको अध्ययन

पृथ्वीनारायण शाहको दिव्योपदेश रचनामा प्रयुक्त शब्दहरूलाई निम्न शब्द वर्गमा छुट्याई विश्लेषण गर्न सकिन्छ :

नाम,

सर्वनाम,

विशेषण

क्रिया

अव्यय

विवेच्य कृति रचना सानो भए पनि साहित्यिक विकास र भाषिक दृष्टिकोणले ज्यादै महत्वपूर्ण कृति हो । यसको भाषिक अध्ययन अन्तर्गत शब्द वा यसमा प्रयुक्त पदहरूको अध्ययन गर्नुपर्ने हुन्छ । दिव्योपदेशमा प्रयुक्त नाम पदको प्रयोग निम्नानुसार रहेको छ :

### ५.१.१ नाम पद

दिव्योपदेश रचनामा नामका रूपमा गणेश, कालिका, शिव, गोरखानाथ, रणजित जस्ता पद प्रयोग भएका छन् । यिनलाई आजका नेपाली व्याकरणकारले नाम पदवर्ग अन्तर्गत व्यक्तिवाचिक नाम पदवर्गमा राखेका छन् ।

क) दिव्योपदेशमा प्रयुक्त व्यक्तिवाचक नाम पदहरू निम्नानुसार छन् :

गणेश, कालिका, शिव, गोरखानाथ, रणजित वस्न्यात, मानसिंह रोकाहा, वीरभद्र पाठक , दिववन्दसेन , निलकण्ठ, पशुपति , मकवानपुर , चन्द्रागिरी , पाटन, पोखरा आदि ।

ख) दिव्योपदेश रचनामा नामका रूपमा मामा, राजा, पुजारी जस्ता पद प्रयोग भएका छन् । जसलाई आजका नेपाली व्याकरणमा नाम पदवर्ग अन्तर्गत जातिवाचक नाममा राखेका छन् । दिव्योपदेशमा प्रयुक्त जातिवाचक नामपद निम्न लिखित छन् :

गोर्खाली,

नदी,

सिपाही

मामा,

राजा,

पुजारी,

रागा

ग) दिव्योपदेशमा नामका रूपमा शासत्र, घर, कपडा जस्ता पद प्रयोग भएका छन् । जसलाई वर्तमान नेपाली व्याकरणमा पदार्थ वचक नाम पद वर्गमाराखिएको छ। दिव्योपदेशमा प्रयुक्त केही पदार्थ वाचक नामपद निम्नलिखित छन् :

शास्त्र

घर

कपडा

नगद

तरुल

ढुङ्गो

तरवार

घ) दिव्योपदेश रचनामा नाम पद वर्गअन्तर्गतको समूह वाचक नाम पदको समेत प्रयोग देखिन्छ, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । जस्तै :

फौज

रैति

राशी

भडार

दुनियाँ

फूलबारी

ङ) दिव्योपदेश रचनामा नाम पदवर्ग अन्तर्गत पर्ने भाववाचक नाम पदको समेत प्रयोग देखिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

दु:ख

आम्दानी

साइत

बनाई

कताइ

चाकरी

बुद्धि

कजाई

## ५.१.२ सर्वनाम

नामको सट्टामा प्रयोग हुने र वाक्यमा नामपदले झै काम गर्ने पदलाई सर्वनाम भनिन्छ । दिव्योपदेशमा सर्वनामको प्रयोग प्रंशस्त पाइन्छ । प्रस्तुत रचनामा पाइने सर्वनाम पदवर्गको प्रयोग निम्नानुसार रहेको छ :

क) दिव्योपदेश रचनामा वक्ता आफैलाई जनाउने प्रथम पुरुष सर्वनामको प्रयोग पाइन्छ । जसको विवरण सूची निम्नानुसार रहेको छ ।

म - एकवचन

हामी- बहुवचन

आफू

ख) दिव्योपदेश रचनामा द्वितीय पुरुष सर्वनामका विभिन्न प्रकार पाइन्छन् जुन निम्न लिखित छन् :

तँ अनादर

तिमी साधरण आदर

तिमीहरू साधरण आदर बहुवचन

हजुर उच्च आदर

ग) दिव्योपदपेश रचनामा तृतीय पुरुष सर्वनामको प्रयोग निम्नानुसार पाइएको छ । जुन निम्न लिखित छ :

अनादर - यो , त्यो

साधरण आद - यी (ई), यिनीहरू अरु तिनी

घ) दिव्योपदेश रचनामा प्रश्नवाचक र सम्बन्ध वाचक सर्वनामको समेत प्रयोग पाइन्छ जुन निम्नानुसार छ :

प्रश्नवाचक - के, के, को केही

ङ) सम्बन्धवाचक - जो, जे जहाँ

## ५.१.३ विशेषणको प्रयोग

पृथ्वीनारायण शाहको दिव्योपदेश सानो कलेवरमा निम्ति भए पनि यसमा प्रयुक्त भाषिक स्वरूपलाई हेर्दा तत्कालीन नेपाली भाषामा प्रशस्त विशेषण शब्दको प्रयोग भएको देखिन्छ ।

क) दिव्योपदेशमा सङ्ख्या वाचक विशेषण शब्द र तिनको प्रयोग निम्नानुसार गरिएको छ :

एक

दुई

तिन

पाँच

सात

आठ

बाह्रा

हजार

माथि उदाहरणमा आएका एक, दुई तिन पाँच, आठ हजार शब्दले नाम पदको विशेषता बताएका छन् । त्यसैले वर्तमान समयमा यिनलाई सङ्ख्या वाचक विशेषण अन्तर्गत राख्ने गरिन्छ । सङ्ख्या वाचक विशेषण शब्द दिव्योपदेशमा पाइएकाले यसले तत्कालीन भाषिक विशेषतालाई प्रष्ट पार्छ ।

**ख) दिव्योपदेश रचनामा गुण बोधक विशेषणको प्रयोग**

यस रचनामा विशेषणात्मक रूपमा ठूलो, सानो, चिसो, बलियो, सुरो असल जस्ता पद प्रयोग भएका छन् । जसलाई वर्तमान समयमा गुणबोधक विशेषण अन्तर्गत राख्ने गरिन्छ । दिव्योपदेशमा प्रयुक्त गुणबोधक विशेषण निम्नलिखित छन् :

ठूलो

सस्तो

सुरो

चिसो

बलियो

आसर्जे

ढुकुवा

जड (कुरो)

असल (हिन्दूस्थान)

**ग) दिव्योपदेशमा प्रयुक्त परिमाण बोधक विशेषणको प्रयोग**

यो कृतिमा विशेषणाका रूपमा धेरै अनेक, सबै जस्ता पद प्रयोग भएका छन् । यिनीहरूलाई वर्तमान समयमा परिमाणबोधक विशेषण अन्तर्गत राखिन्छ । दिव्योपदेशमा प्रयुक्त परिमाण बोधक केही विशेषण निम्नानुसार छन् : जस्तै :

धेरै

अनेक

सबै

**घ) दिव्योपदेशमा प्रयुक्त सार्वनामिक विशेषणको प्रयोग**

दिव्योपदेश कृतिमा केही सर्वनाम शब्द प्रयोग भएका छन् तर तिनले वाक्यमा नामको विशेषताा बताउने काम गरेका छन् । सर्वनामले नाम पदको विशेषता

बताएको अर्थात ती सर्वनामले विशेषणको काम गरेका छन् । त्यस्ता सर्वनामलाई वर्तमान समयका व्याकरणकारले सार्वनिमक विशेषण अन्तर्गत राखेका छन् , जुन निम्न लिखित छन् :

उनैअर्ति ,

यो राज्य,

तेसै दिनको,

यो किल्ला,

यस्ता बन्देज

**ङ) दिव्योपदेशमा प्रयुक्त भेदक विशेषणको प्रयोग**

नाम, सर्वनाम शब्दको को, काकी, की/रो,रा, री/नो ना, नी जस्ता षष्ठी विभक्ति लागेर बनेको विशेषण दिव्योपदेशमा प्रयोग भएका छन् । जसलाई भेदक विशेषण भनिन्छ । दिव्योपदेशमा प्रयुक्त भेदक विशेषण निम्न लिखित छन् :

| मूल शब्द | भेदकको प्रयोग | पाठ |
|---|---|---|
| मेरो | मेरा | मेरा साना दुषले आर्ज्याको मुलुक होइन |
| आफ्ना | आफ्ना | आफ्ना घरका पुराना सेवक जाँची राषनु |
| राजा | राजाको | राजाको चतुराई भया सिपाही रैति हात गरी राषनु |
| स्वामित | स्वामितको | स्वामितको नुनको उधार गर्नु |
| तेरो | तेरी | तेरि छोरी सिवराम बस्न्यातको छोरो केहेसिंह बस्न्यातलाई देउ |
| अदालत | अदालतको | अदालतका पैसा दरबारभित्र नहाल्नु |

## ५.१.४ क्रिया

कुनै कार्य, घटना, र अवस्था बुझाउने धातुबाट बनेको र वाक्यको अन्त्यमा आउने पद क्रिया हो । दिव्योपदेशमा विभिन्न प्रकारका क्रियाको प्रयोग पाइन्छ जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ५.१.४.१ कर्मका आधारमा

**क) दिव्योपदेश कृतिम प्रयुक्त केही सकमर्क क्रिया**

दिव्योपदेशमा प्रयुक्त क्रिया सकमर्क र अकर्मक दुवै पाइन्छन् । कर्म लिने वा कर्मको अपेक्षा गर्ने क्रिया सकमर्क क्रिया भएकाले दिव्योपदेशमा सकर्मक क्रियालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. जढ कुरो कालुपाण्डेले गऱ्यो ।

**ख) दिव्योपदेश कृतिमा प्रयुक्त केही अकमर्क क्रिया**

१. म जान्छु ।

२. मामाज्यु मकवानपुर पुगि आञाँ ।

३. नेपाल कुट्ने छैन ।

४. छोरी हुँ ।

५. उसैलाई कजाई दिनु ।

**ग) दिव्योपदेशमा केही द्विकर्मक क्रिया**

१. उनले षड्ग मेरा हातमा दिन्

२. उसैलाई कजाई दिनु

३. मामाज्यूले धेरै कुराको अति दिजानुभयोथ्यो ।

४. छेउको टार माइलाई सङ्कल्प गरिदियाँ

**घ) दिव्योपदेश कृतिमा प्रयुक्त पूरकापेक्षी क्रिया**

कुनै पूरक पदको अपेक्ष ागर्ने पुरकापेक्षी क्रियाको प्रयोग दिव्योपदेशमा गरिएको छ जसको केही उदाहरण निम्नानुसार छ :

१. नेपाल भनेको भ्यागुतो हो ।

२. त्यो पतन हो ।

कोशीय अर्थ दिने सहायक क्रियाभन्दा पहिले आउने र अर्थका दृष्टिले प्रधान हुने क्रिया मुख्य क्रिया हो (गौतम र अन्य २०६७ : १३७) ।

## ५.१.४.२ अर्थ प्रधानताका आधारमा

**क) दिव्योपदेश कृतिमा प्रयुक्त मुख्य क्रिया**

कोशीय अर्थ दिने सहायक क्रियाभन्दा पहिले आउने र अर्थका दृष्टिले प्रधान हुने क्रिया मुख्य क्रिया हो । दिव्योपदेशमा प्रयुक्त केही मुख्य क्रिया युक्त पदावली :

पठाएको

दियाको

राख्नु भया,

हुनु आदि ।

**ख) दिव्योपदेश कृतिमा प्रयुक्त सहायक क्रिया**

मुख्य क्रियाको सहयोगीको रूपमा रही काल तथा भावको अभिव्यक्ति दिने अन्त्यमा आउने क्रिया सहायक क्रिया हो । दिव्योपदेश रचनामा प्रयुक्त सहायक ित्रया निम्नानुसार छन् :

हुनेछ, हो (हुँदो), छ भयाको , भयो आदि

### ५.१.४.३ वाक्य समापनका आधारमा क्रिया

दिव्योपदेशमा प्रयुक्त अर्थ समापन गर्ने समापिका क्रिया र अर्थ समापन नगर्ने असमापिका क्रियाको प्रयोग समेत गरिएको छ ।

**क) समापिका क्रिया**

वाक्य टुङ्ग्याउने र वाक्यमा पूर्ण अर्थ दिने समापिका क्रिया नै समापिका क्रिया हो । दिव्योपदेशभित्र केही समापिका क्रियायुक्त क्रिया पदावली निम्ना छन् :

छल्नु,

देखिआऱ्याँ

पठाऱ्याँ ,

पुग्ला,

होला,

परेछ गऱ्या

पुग्ला,

हुनेछ,

भन्छन्

सुनाउलान्

जाँदैन आदि

**ख) असमापिका क्रिया**

वाक्य नटुङ्ग्याउने र पूर्ण अर्थ दिन नसक्ने असमापिका क्रिया निम्नानुसार छन्: भनि

धामि परि

भएर

देखाई भए गरी भया

आर्जेको पसी

## ५.१.५ अव्ययको प्रयोग

दिव्योपदेश सानो कलेवरमा निर्मित रचना भए पनि विविध भाषिक स्वरूप र साहित्यिक गुणले युक्त कृति मानिन्छ । अव्ययको प्रयोग प्रस्तुत रचनामा अव्यय शब्दको प्रयोग भएका छन् जुन निम्न लिखित छन् :

### ५.१.५.१ क्रिया विशेषण

दिव्योपदेश रचनामा क्रिया विशेषण शब्द प्रयोग भएका छन् जसले भाषिक मिठास अभिवृद्धि गर्नुका साथै क्रमिक भाषाको विकासको गतिलाई पनि प्रष्ट पारेको छ । दिव्योपदेशमा प्राप्त क्रिया विशेषण निम्नलिखित छन् :

माथि : माथि उकालिदिनु

साह्रो : साह्रो हुन्छ

महा :महा चतुर

गरी : राजाको हुकुम जकत गरी राख्नु ।

पछाडि : मलाई झिकाया र पछाडि दगा दिया ।

बडो : रागतानमा बडो ठूलो मोह हुन्छ ।

बहुतै : देउ देवताको मानिता बहुतै राषनु भयाको छ ।

### ५.१.५.२ संयोजक

दिव्योपदेश रचनामा संयोजक शब्दका विभिन्न रूपको प्रयोग पाइन्छ । तत्कालीन समयमा प्रचलित भाषिक रूप र संयोजकको प्रयोग निम्नानुसार देखाउन सकिन्छ :

**क) सापेक्ष संयोजक**

भनी : बुढा मरे भाषा सरे भनि भन्छन् ।

भन्ने : इ तिन सहरको राजा हुन पायाता हुँदोहो भन्ने यस्तो मनमा परिरहेथ्यो ।

भने : मेरो छत्र भद्म गर्न अर्को आयो भन्या कसो होला ।

जसै उसै : जसै दुई पाइला गैथिन उसै बेलामा म पनि विभज्यो ।

जब : अघी गरुडको आषा छल्नु तब सर्पले भ्यागुतो षान पाउँछ ।

**ख) निरपेक्षक संयोजक**

यसका साथै दिव्योपदेश रचनामा निरपेक्ष संयोजकको पनि प्रयोग पाइन्छ , जसलाई निम्नानुसार प्रयोगद्वारा स्पष्ट्याउन सकिन्छ , जुन निम्नानुसार छ :

तर : मेरो मनमा ता विराज वषेतिलाई कजाई दिन आटेको थिये तर ज्याथा बुद्धी कालु पाडेकै ठहर्‍यो ।

पनि : नेपाल पनि देषि आजाँ हान्नाको मनसुवा पनि राषी आजाँ डोला पनि लैजाउ नेपाल पनि देषि आउ

बरु : ईनीहरूको जीवजान्या विराम गर्‍याको भया पनि आफूले नमार्नु बरु मारातप दियेर लडामा झोसिदिनु ।

अथवा : कसैले नषेलनु अथवा फागुलाई एक दुई गरो झिकि चाँडै विदा गराई दिनु ।

र : सोहि जढ कुरो कालु पाडेले गर्‍यो र थाहा बलियो बस्यो र मलाई आसर्जे लाग्यो र तर मलाईता रिझायो ।

### ५.१.५.३ निपात

अर्थमा चमत्कार ल्याउने तर विशिष्ट छुट्टै आफ्नो अर्थ नभएका निपात शब्दको प्रयोग दिव्योपदेशमा पाइन्छ । दिव्योपदेशमा पाइने निपात शब्द र तिनको प्रयोगलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ । जस्तै :

त : वैरि त क्या इन्द्रको आसन् पनि डगाईन्छ ।

क्या : वैरि त क्या इन्द्रको आसन् पनि डगाईन्छ ।

ता : तिन सहरको राजा हुन पाया ता ।

पनि : हाम्रा हातमा पनि सर सोतिको बर्दान छ । मलाई मन्यरात्रिमा दृष्टान्त भयो ।

मामाज्यू पनि निलकण्ठ पशुपतिको दर्शनलाई देउघाटको बाटो गरी जानुभयाको रहेछ ।

र : हजुरलाई नेपालको राजा बस्य हुनै छ भने र ।

### ५.१.५.४ नामयोगी

दिव्योपदेश कृतिमा नामयोगी पदको प्रयोग भएको छ । यसलाई निम्न उदाहरणबाट निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । जस्तै :

भित्र : अदालतका पैसा दरबारभित्र नहुल्नु ।

बमोजिम : नित्राशास्त्र बमोजिम अदालतध चलाउनु ।

पछि : कसैको मोलाहिजापछि गुणपछि लाग्न नदिनु ।

सित : तरबारसित पनि लैजाला भनि हाक पारि मसित भेट भयो ।

## ५.२ पदावली

पदावलीको संरचक घटक पद वा शब्द हो । दिव्योपदेशमा प्रयुक्त वाक्यहरूको अध्ययन गर्दा पदावलीको स्थिति र संरचनाको पनि अध्ययन गर्नुपर्ने हुन्छ ।

दिव्योपदेशमा प्राप्त पदावलीहरूको प्रयोग स्थिति र संरचना निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

### ५.२.१ नाम पदावली

नाम पद शीर्ष रहने पदावलीलाई नाम पदावली हो । दिव्योपदेशमा प्रशस्त पदावली प्रयोग भएका छन् । दिव्योपदे नाम पदावलीको प्रयोगलाई निम्नानुसार देखाइन्छ :

१. चिस्व ढुङ्गो

चिस्व ढुङ्गो

विशेषक शीर्ष

२. यिनै चार जात

यिनै (निर्धारक) चार (पूरक जात शीर्ष)

### ५.२.१.१. सरल नाम पदावली

रल नाम पदावलीमा एउटामा नाम शहब्द पद रहन्छ । दिव्योपदेशहका यस्ता केही प्रयोग निम्नानुसार छन् :

हात दिई

हात (नाम) दिई ( क्रिया.पद)

छाता राषनु

छाता (शीर्ष नाम) राषनु(क्रिया.पद)

### ५.२.१.२ जटिल नाम पदावली

एक भन्दा बढी शब्द वा पद भएमा जटिल नाम पदावली हुन्छ । जटिल नाम पदावलीमा विशेषक वा निर्धारक  वा दुवै आउन सक्छ । दिव्योपदेश कृतिमा प्रयुक्त केही जटिल नाम पदावलीहरु निम्नानुसार छन् :

क   चिस्व ढुङ्गो

चिस्व   ढुङ्गो

विशेषक   शीर्ष

ख.   यिनै चार जात

यिनै (निर्धारक)   चार (पूरक  जात शीर्ष)

### ५.२.२ विशेषण पदावली

विशेषण पदशब्द शर्षि रहने पदावलीलाई विशेषण पदावली भनिन्छ। सरल विशेषण पदावलीमा एउटै मात्र विशेषण रहन सक्छ भने जटिल विशेषण पदावलीमा मात्रा वा परिणाम जनाउने क्रिया, क्रियाविशेषण विशेषकका रुमपा आउँछ । दिव्योपदेशमा पाइने सरल र जटिल विशेषण पदावलीलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

#### १. सरल विशेषण पदावली

सरल विशेषण पदावलीमा एउटा मात्र विशेषण पद वा शब्द रहन्छ । दिव्योपदेशमा प्रयुक्त केही सरल विशेषण  पदावली निम्नानुसार छन् :

(क) चतुर छ सरल विशेषण पदावली

↓

शीर्ष (विशेषण)

↓

चतुर

(ख) ठूलो

शीर्ष विशेषण

↓

चतुर

**२. जटिल विशेषण पदावली**

जटिल विशेषण पदावलीमा मात्रा वा परिणाम जनाउने क्रिया विशेषण विशेषकका रूपमा आउँछ । दिव्योपदेशमा प्रयुक्त जटिल विशेषण पदावली निम्नानुसार छन् ।

महा चतुर

↓ ↓

विशेषक शीर्ष

बडो ठूलो

↙ ↘

विशेषक शीर्ष विशषेषण

↓ ↓

बडो ठूलो

### ५.२.३ क्रिया पदावली

क्रिया पद शीर्षक रहने पदावलीलाई क्रिया पदावली भनिन्छ । क्रिया पदावली सरल र जटिल प्रकारका हुन्छन् , दिव्योपदेशमा प्रयुक्त क्रिया पदावलीको प्रयोगलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**(क) सरल क्रियापदावली**

सरल क्रिया पदावलीमा एउटा मात्र क्रिया वा शब्द, पद रहन्छ । दिव्योपदेशका केही उदाहरण निम्नानुसार छन् :

गर्नु क्रिया　　　　भयो क्रिया

↓　　　　↓

क्रिया पद　　　　क्रिया पद

↓　　　　↓

शीर्ष　　　　शीर्ष

**(ख) जटिल क्रियापदावली**

जटिल क्रिया पदावलीमा विशेषकका रूपमा समय वाचक क्रिया विशेषण वा पूरकका रूपाम नाम र क्रिया विशेषण अथवा विशेषक र पूरक दुवै आउन सक्दछन् । दिव्योपदेशमा प्रयुक्त यस्ता केही उदाहरण निम्नानुसार छन् :

(क)　　महा सतुर हुन्

क्रिया

पूरक (नाम.)　　　　शीर्ष (क्रिया)

↓　　　　↓

महा सतुर　　　　हुन्

(ख)　अनेक छल गरी

क्रिया

↙ ↓ ↘

विशेषक　　पूरक (क्रि.वि.)　　शीर्ष (क्रिया)

↓　　↓　　↓

अनेक　　छल　　गरी

### ५.२.४ क्रिया विशेषण पदावली

क्रिया विशेषण शब्द पद शीर्ष रहने पदावलीलाई क्रिया विशेषण पदावली भनिन्छ । सरल क्रिया विशेषण पदावलीमा एउटा मात्र क्रिया विशेषण शब्दरहन्छ भने जटिल क्रिया विशेषण पदावलीमा मात्रा वा परिणाम जनाउने त्रिया विशेषण विशेषकका रूपमा आउँछ । दिव्योपदेशमा पाइने त्रिया विशेषण पदावलीहरू निम्नानुसार छन् :

**(क) सरल क्रिया क्रिया विशेषण पदावली**

एउटा मात्र क्रिया विशेषण शब्द वा पद रहने क्रिया विशेषण नै सरल क्रिया विशेषण पदावली हो । दिव्योपदेशमा यस्तो केही प्रयोग निम्नानुसार छ :

क. अनेक　　　　ख. विचारि (विचार गरेर)

↓　　↓

क्रिया विशेषण पदावली　　क्रिया विशेषण पदावली

↓　　↓

शीर्ष　　शीर्ष

**(ख) जटिल क्रिया विशेषण पदावली**

जटिल क्रिया विशेषण पदावलीमा मात्रा वा परिणाम जनाउने क्रिया विशेषण विशेषकका रूपमा आउँछ । दिव्योपदेशमा प्रयुक्त केही जटिल क्रिया विशेषण पदावली निम्नानुसार छन् :

क. जाचि विचारि थापनु ।　　　　ख.  एक दुई गरी झिकाइ विदा गर्नु

क्रिया विशेषण पदावली　　　　क्रिया विशेषण पदावली

विशेषक　　शीर्ष (क्रिया विशेषण)　　विशेषक　　शीर्ष (क्रिया विशेषण)

↓　　↓　　↓　　↓

जाचि　　विचारी　　एक दुई　　गरी

## ५.३ दिव्योपदेश कृतिमा प्रयुक्त वाक्यका प्रकारको अध्ययन

दिव्योपदेश कृतिमा वाक्यका संरचनात्मक प्रकार मानिने सरल, संयुक्त, मिश्र जस्ता तिनै प्रकारका वाक्य देखिन्छ्छन् । मूलतः सापेक्ष संयोजनको अत्यधिक प्रयोगले गर्दा संयुक्तक वाक्यको अध्यतिकता देखिन्छन् । पूर्ण विश्राममा देखिएका विविधताले कतिपय वाक्य यकिन गरी टुङ्गिएको समेत देखिँदैन । दिव्योपदेशमा प्रयुक्त सरल, संयुक्त र मिश्रत वाक्यलाई निम्नानुसार अध्ययन गरिन्छ ।

### ५.३.१ सरल वाक्य

एउटा मात्र उपवाक्य भएको वाक्इलाई सरल वाक्य भनिन्छ । यसमा वाक्यको समापक भएर एउटै क्रियापद आउनु हुन्छ अन्य क्रियाहरू त्यसका सहायक भएर आउन सक्नेछन् । दिव्योपदेश कृतिभित्र सरलवाक्यको प्रयोगलाई निम्नानुसार देखाइन्छ :

- हाम्रा मुमाहरू तिन हुन् ।
- हामि तिन षोपिका पाचपाण्डुवाको आवतार भयाका थि ।
- मेरो विवाहा मकुवान पुरमा भयाको थियो ।
- मलाई पनि पञ्चतरागीमा द्रिष्टान्त भयो ।
- येकदिन कचहरिमा बस्याको थिञा

- तान्रैमाता इन्द्रायनिका धानमा बस्योको रहेछु ।
- आजका साता दिनमा ठूलो सायेत छ ।
- तेसै दिनको सायलते नुहाकोट साध्ये हुन्या छ ।
- आजका सात दिन बिहानडो सनिश्चरवार ठूलो सायेत रहेछ ।
- यो राजे दुई ढुङ्गाको तरुल जस्तो रहेछ ।
- चीन बादसाह सित ठूलो थाहा राष्नु
- राजाका भंडार भन्याका रैतानहरू हुन् ।
- मेरा साना दुषले आर्ज्याको मुलुक होइन ।
- सबै जातको फुल्बारि हो ,
- आफ्ना कुला धर्म नछाड्नु,
- स्वामिन्को नुनको उधार गर्नु ,
- कालुकवर्दारका सन्तानलाई कवर्दारि नछुटउनु ,
- दषिनको थाहा सिवराम वस्न्यातका सन्तानलाई नछुटाउनु
- ई मेरा नुन गुनका स्वझा सेवक हुन् ।
- राजाले सेवकलाई घरमा नमार्नु ,
- अन्याय मुलुकमा हुन नदिनु ।

यसरी विवेच्य कृतिमा सरल वाक्यका प्रशस्त उदाहरण पाइन्छन् । पूर्ण विरामको अस्पष्टताले समग्र वाक्य रचना नै अनुच्छेदमय झै देखिँदैन । वाक्यात्मक शृङ्खलाको निर्माण गरिएको प्रस्तुत कृतिमा कतिपय ठाउँमा सरल वाक्यको अनेकौ

सापेक्ष र निरपेक्ष संयोजक पदले जोडिएका छन् । समग्रमा हेर्दा सरल वाक्य विवेच्य कृतिमा तुलनात्मक रूपमा हेर्दा उल्लेख्य रूपमा देखिन्छन् ।

## ५.३.२ मिश्र वाक्य

एउटा मुख्य वाक्य र एकभन्दा बढी अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेमा त्यसलाई मिश्र वाक्य भनिन्छ । जो, जहाँ, जब, जुन, जसरी, जसले, भने, भनी, भन्ने, कि, तापनि किनिकि आदि सापेक्ष संयोजकका उदाहरण हुन् । अधीन उपवाक्यहरू वाक्यका आदि, मध्य एवम अन्त्यमा समेत आउन सक्छन् ।

दिव्योपदेश कृतिमा यस्ता मिश्रत वाक्यको प्रयोग धनीभूत देखिन्छ। कतिपय पूर्णविरामको अस्पष्ट प्रयोगले पनि यस्ता वाक्यको सङ्ख्या जबर्जस्त बृद्धि भएको देखिन्छ । यस कृतिमा सापेक्ष संयोजकका रूपमा आउने जब, तब जस्ता पद निरपेक्ष संयोजकका रूपमा समेत आएको पाइन्छ । विवेच्य कृतिमा प्रयुक्त केही मिश्र वाक्यलाई निम्नानुसार देखाउन सकिन्छ :

- बुढा मरे भाषा सरे भनि भन्छन् ।
- इ तिन सहरको राजा हुन पायाता हुदोहो भन्ने यस्तो मनमा परिरहेथ्यो ।
- म जसै अर्काको छ गमङ्ग गर्न मजांछु मेरो छत्र भंग गर्न अर्को आयो भन्या कसो होला ।
- अधी गरुडको आषा छलनु तब सर्पले भ्यागुतो षान पाउँछ ।
- दुनियाँ जस देषी राजिरहन्छन् उसैलाई काजाई दिनु ।
- जति भन्ज्यांई छन् मनज्यां पीछे यक यक फलामे ढोका बनाइ (ऐजन ५३(२५७) ।
- आफूले नमार्नु अर्केबाट मारि दियाको बढिया हुन्त त राजाले सेवकलाई घरमा नमार्नु तब राजाले ठूलो नित्रा निसाफ हेर्नु ।
- जसै दुइपाइला गैथिन् उसै बेलामा म पनि विमज्यो,
- सल्या नि लिग्लीग धादिं कामुह डामा जहा जहाँ काज गर्थ्यो फत्यागर्थ्या ।
- मलाई यवटा कुराको संध्यह लागि रहेछ कुन्कुरो भन्या मुगलाना नजिकै रहेछ ।

यस प्रकार प्रस्तुत कृतिमा कतै स्पष्ट त कतै अस्पष्ट रूपमा सापेक्ष संयोजकको प्रयोग देखिन्छ । यदाकदा अन्तगर्भित संयोजनकले काम गरेको स्थिति पाइन्छ । कतिपय ठाउँमा सापेक्ष संयोजकलाई अनावश्यक रूपले प्रयोग गरेको पाइन्छ । यसरी विवेच्य कृतिमा मिश्र वाक्यका अनेक उदाहरण प्राप्त गर्न सकिन्छ । प्रयोगगत विविधता नै प्रस्तुत कृतिको विशेषता देखिन्छ ।

### ५.३.३ संयुक्त वाक्य

दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्यहरूलाई निरपेक्ष संयोजकले जोडेमा त्यसलाई संयुक्त वाक्य भनिन्छ । यसमा जोडिने वाक्यहरू स्वतन्त्र हुनछन् । यस्ता उपवाक्यहरूका संयोजक झिकि दिएको खण्डमा ती उपवाक्इहरू फरक फरक सरल वाक्इ पनि बन्न सक्ने खालका हुन्छन् । यस्ता संयोजकहरूमा र, अनि , पनि , तर, वा, अथवा, त्यसैले, किनभने आदि पर्दछन् ।

दिव्योपदेश कृतिभित्र यस्ता निरपेक्ष संयोजकको अध्यधिक प्रयोग पाइन्छ ।क तै आवश्यक र सार्थक रूपमा यस्ता संयोजकको प्रयोग भएको देखिए तापनि कतिपय स्थानमा भने निरर्थक र अनावश्यक रूपमा यस्ता संयोजकको प्रयोग देखिन्छ । एउटा वाक्यलाई हत्तपत्त नटुङ्ग्याइ र ... पनि... तर ले जोड्दै अनुच्छेद समान वाक्यको प्रयोग यस कृतिमा देखिन्ख्छ । यदाकदा (तर, र) जस्ता निरपेक्ष संयोजक एकै ठाउँमा प्रयोग भइ लेख्यभाषा सचेतता न्यून रहेको तत्कालीन स्थितिको प्रस्तुति देखिन्छ । कथानात्मक शैलीमा प्रस्तुत विवेच्यकृतिमा यस्ता निरपेक्ष संयोजकले कथानकको शृङ्खलालाई जोड्ने कार्य गर्न प्रयोग गरेझैं देखिन्छ ।

यस कृतिभित्रका केही संयुक्त वाक्यकमो प्रयोगलाई निम्नानुसार देखाउन सकिन्छ :

- डोला पनि लैजाउ नेपाल पनि देषि आउ भनि मकुवानपुर गञुँ

- दिकबन्दसेनलाई यवटा कुराको करे उलि लियर भने यकदन्ता हाति र नवलाषिहिराको हार दिन्छौ भने डोला पनि लैजाला ।
- मेथिमा रातिदिन गरि थाइपुक भनि लेषी पठाञाँ र आइ पुगेर तिन छेउ यकान्त गऱ्या ।
- जडकुरो मेरा पेटमा थियो सोही जड कुरो कालुपाडेले गऱ्यो र थाहा बलियो बस्यो र मलाई आसर्जे लाग्यो र तर मलाईता रिझायो ।
- मेरा मन माता विराज वर्षतिलाई कजाई दिन आँटेको यियो तर ज्याधा बुद्धि कालुपाडेकै ठहऱ्यो ।
- हनाताम हजुरैका हुँ तर जयप्रकासमल्लको नुन षाइहाल्या,
- दषिनको समुन्द्रका वादशाहसित थाहा ताराषनु तर त्यो महा चतुर छ ।
- तिनजा नलाई पाहाड आम फद्रफ् पनि कसैले नषेलनु अथवा फागुलाई यक दुई गरौं झिकि चाडै विदा गराई दिनु,
- ढोका पिछे यक यक तोपलमछट् गरि राषी दिनु र पापाँच सिपाही राषि दिनु र यसभयापछि चैवा गऱ्या, चर्चा गऱ्यां भगन्या नाहन्या ढुकुवा फसादि षुनि यस्ताहरूको पनि केही चलने छैन ।
- आदमी हेरि हुर्मत् मात्रै राषि दिनु क्यान भनौला दवलथ भयाकाले तरवारमा पसि मर्न मार्न सकैनन् ।
- ईनीहरूको जीव जान्या विराम गऱ्याको भया पनि आफूले नमार्नु बरु मारातप दियेर लडामा झोसिदिनु,

- आफूले नमार्नु अर्कैबाट मारि दियाको बढिया हुन्छ तब राजाले सेवकलाई घरमा नमार्नु ,
- राजाले विवेक राषी दिया देशका सिपाही पनि आसाराषी आउन्छन् र यस्व भया तरवारिया सिपाहि हात लाग्छन् ।
- आफ्ना घरका पुराना सेवक जाची हजुरमा हरोदम राषी दरो बस्त्र वाधि घर बलियो राषनु यस्व भया दरबार बिलयो रहन्छ ,
- सकैका मलाजापछि गुण पछि लाग्न नदिनु नुन् पछि लाउनु उप्रान्त टक्सार पनि चोखो चलाउनु ।
- षानी भयाका ठाउँमा गाउँ भया पनि गाउँ अरु जग्गामा सारिकन पनि षानि चलाबनु,
- दबलथ पनि षोलिन्छ देसको भेद पनि तिनैले लैजान्छन् ।
- नेपालको नेवारहरूको नाज झिकाई हेर्‍या पनि हुन्छ । इनमाल दियाको पनि आफ्नै देसमा हरन्छ यस्वभया आफ्नु देस गमन् रहन्छ ।

यसरी दिव्योपदश कृतिभित्र संयुक्त वाक्यका विभिन्न प्रकारका उदाहरण प्राप्त गर्न सकिन्छ । यदाकदा यिनीहरूको अनावश्यक जोडाइले वाक्य अनुच्छेद सरहको लमाइसम्म पुगेको देखिन्छ । प्राचीन नेपाली भाषाको विलक्षण रूप यहाँ देख्न सकिन्छ । समग्रमा संयुक्त वाक्यको प्रयोग विवेच्य कृतिमा व्यापक र विस्तृत देखिन्छ । कतिपय निरपेक्ष पदहरू सापेक्ष रूपमा र सापेक्ष पदहरू निरपेक्ष पदका रूपमा काम गरेको स्थिति भने विद्यमान देखिन्छ ।

# छैटौं परिच्छेद

## उपसंहार तथा निष्कर्ष

पृथ्वीनारायण शाहको जन्म पिता नरभूपाल शाह र माता कौशल्यावतीको गर्भबाट वि.सं १७७९ पौष २७ (इ.सं ७ जनवरी १७२३) रात्रिकालीन समयमा भएको हो । काठमाडौं उपत्यकादेखि ९१ किलो मिटर पश्चिममा अवस्थित तत्कालीन गोरखा राज्यको राजदरबारमा यिनको जन्म भएको हो । बाल्यकालदेखि नै चतुर, प्रतिभा शाली र होनाहार व्यक्तित्वको नमुना बनेका यिनी हृष्टपुष्ट, तेजस्वी र फुर्तिला समेत थिए । यिनले वेद, चण्डी, शुक्रनीति, कथाहरू, सनत्सुजातीय उपाख्यान, कामन्दकीय नीतिका अतिरिक्त रामायण, महाभारत आदि ग्रन्थहरू पनि मौखिक शिक्षाका रूपमा प्राप्त गरेका थिए । धनु वाण चलाउने, खुकुरी चलाउने, तरबार, भाला, बर्छा, पौडी खेल्ने आदि अनेकौं शस्त्रविधा र शस्त्रेतर विद्यामा समेत यिनी पोख्त थिए । बाह्र वर्षको उमेरमा व्रतबन्ध गराइएका यिनको पहिलो विवाह चौध बर्षको उमेरमा मकवानपुरका ठकुराई हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भयो । प्रथम विवाह असफल भएका कारण यिनको दोस्रो विवाह नरेन्द्रलक्ष्मीसँग गरियो । इ.सं. १७४३ अप्रिलमा सिंहासनमा मुकुट पहिरिएका यिनको व्यक्तित्व राज्यविस्तार, राज्य व्यवस्थापन, न्याय व्यवस्था, अर्थ व्यवस्था, परराष्ट्र नीति, राजनीति, कूटनीति आदि पक्षमा ज्यादै सशक्त देखिन्छ ।

रूपतात्त्विक अध्ययनका दृष्टिबाट दिव्योपदेश रचना लाई नियाल्दा बद्ध रूप र मुक्त रूपको सशक्त प्रयोग पाइन्छ । यसका साथै रिक्त रूप, संपृक्त रूप, शून्य रूप, संरचनायुक्त रूप र संरूपका दृष्टिले पनि प्रस्तुत कृति सबल देखिन्छ । यसबाट नेपाली भाषाको विकास क्रमिक र सुसम्बद्ध तरिकाबाट अगाडि बढेको देखिन्छ । नेपाली भाषामा विद्यमान रूप व्यवस्था र विशेषता पृथ्वीनारायण शाहको भाषिक समयमा पनि रहेको थियो भन्न सकिन्छ । आजको नेपाली भाषामा रूपायनको व्यवस्था पनि तत्कालीन समयबाट नै क्रमिक रूपमा विकसित र व्यवस्थित हुँदै आएको देखिन्छ । नाम, सर्वनाम, विशेषण र क्रियाको रूपायन तत्कालीन भाषिक व्यवस्थामा प्रशस्त

रहेको पनि यस कृतिको भाषिक अध्ययनबाट देख्न सकिन्छ । प्रथम पुरुष सर्वनाममा खासै भिन्नता नभए पनि द्वितीय तथा तृतीय पुरुष सर्वनामको प्रयोग र रूपायनमा वर्तमान कालीन व्यवस्था भन्दा केही भिन्न रूपहरूको (यी=इ, यिनी=इनी आदि) प्रयोग पाइएको छ । नाम, सर्वनाम, विशेषणको रूपायन सहज रूपमा भएको देखिन्छ तर क्रियाका विभिन्न पक्षगत रूपायनमा भने केही अस्पष्टता र अन्योलको स्थिति विद्यमान छ । अनुवादकर्ताको अनुवादका आधारमा क्रियाका रूपायनहरू ठम्याउनु पर्ने स्थिति रहेको छ । क्रियाको रूपायनमा अपूर्ण, अभ्यस्त, पूर्ण जस्ता पक्षहरूमा रूपायनहरू स्पष्ट रूपमा नछुटिने अवस्था रहेको छ । यिनीहरूको प्रयोग र रूप एउटै भए पनि अनुवादकर्ताले त्यसलाई कहीं अपूर्ण, कही पूर्ण र कही अभ्यस्तका रूपमा अनुवाद गरेका छन् । वाच्यगत रूपमा कर्तृवाच्यका प्रशस्त रूपहरू रहे तापनि कर्म तथा भाव वाच्यका रूपहरूको स्पष्ट प्रयोग देखिंदैन । यसरी तत्कालीन नेपाली भाषामा अन्य रूपायन सफल प्रयोग भए पनि क्रियाको पक्षगत र वाच्यगत रूपायनमा एकरूपता र स्पष्टता नरहेको बुझिन्छ । यो सानो रचनामा भाषाका विभिन्न पक्ष र व्यवस्थाको स्वरूप र संरचना खोज्नु आफैंमा जटिल र चुनौतिपूर्ण कार्य हो । अनिकालको समयमा कनिका पाउँदा पनि खुसी हुनु पर्ने स्थिति रहन्छ भने साहित्यिक तथा भाषिक कृतिहरूको अभाव रहेको तत्कालीन समयमा दिव्योपदेश रचनामा नेपालीभाषाको रूप व्यवस्थाको जुन स्वरूप र अवस्था देखिन्छ त्यो आफैंमा भाषा क्रमिक रूपमा व्यवस्थित र सङ्गठित हुँदै जन्छ भन्ने कुराको प्रमाण हो ।

दिव्योपदेश कृतिमा वाक्य व्यवस्थाको अध्ययन गर्दा वाक्यका संरचनक तत्त्वहरू पद, पदावली , उपवाक्यको अध्ययन विश्लेषणबाट वाक्य व्यवस्थाको अध्ययन गरिएको छ । यस कृतिमा प्राप्त भएका वाक्यहरूमा विद्यमान पदहरू वर्तमान कालिक भाषिक व्यवस्था अनुरूप नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय पदहरू प्राप्त गर्न सकिन्छ । नाम पदका पनि व्यक्ति वाचक, जाति वाचक, समूह वाचक, द्रव्यवाचक, भाव वाचक जस्ता भेदका उदहरणहरू विवेच्य कृतिमा प्राप्त गर्न सकिन्छ । सर्वनाम प्रयोग भएका पदहरू प्रशस्त पाइए तापनि वर्तमान नेपाली भाषिक व्यवस्था अनुरूप द्वितीय पुरुष सर्वनाम र तृतीय पुरुष सर्वनाम पदको व्यवस्थित प्रयोग

पाइँदैन जुन भाषाको क्रमिक विकासको सिद्धान्त अनुरूप स्वभाविक नै मान्नु उचित हुन्छ । विशेषण पदको प्रयोगलाई हेर्दा प्रस्तुत रचना प्रायः सुगठित देखिन्छ । सङ्ख्या वाचक, गुण बोधक, परिणाम बोधक, भेदक , सर्वनामिक विशेषण पदहरू वाक्यमा व्यवस्थित रूपमा आउनुले यस कुरालाई पुष्टि गरेको छ । प्रस्तुत कृतिमा प्रयुक्त मुख्य क्रिया र सहायक क्रिया, सकर्मक क्रिया र अकर्मक क्रियाजस्ता क्रिया पदहरू सुगम र व्यवस्थित प्रयोग देखिन्छ । अविकारी पद वर्ग अन्तर्गतका क्रिया विशेषण, नामयोगी, निपात, संयोजक पदहरूको अत्यधिक प्रयोग पाइन्छ  यद्यपि विस्मयादी बोधक पदको प्रयोग भने भएको देखिंदैन । पदावलीगत अध्ययनलाई हेर्दा विवेच्य कृतिमा नाम पदावली, विशेषण पदावली, क्रिया पदावलीका सरल र जटिल भेद पाइए पनि क्रिया विशेषण पदावलीका सरल भेद प्राप्त भए तापनि जटिल भेदको स्पष्ट प्रयोग देखिंदैन । उपवाक्यको प्रयोगलाई हेर्दा प्रस्तुत कृति अस्पष्ट देखिन्छ । संयोजकको निरर्थक प्रयोग, पूर्ण विरामको अभाव, अनावश्यक वाक्य विस्तार, उचित अनुच्छेद योजनाको अभावका साथै क्रिया पदको अव्यवस्थित प्रयोगले उपवाक्य मात्र होइन वाक्य गठन समेत प्रभावित देखिन्छ । क्रिया पदको प्रयोगलाई हेर्दा प्रस्तुत कृतिमा केही कसर मसर र अस्पष्टता अनुभव गर्न सकिन्छ । एउटै पक्षका भयाको हो (भएको हो) , गैथिन् (गएकी थिइन्)  एवम्  भयोथ्यो (भएको थियो) भयाध्या (भएका थिए)  जस्ता वैकल्पिक रूपको प्रयोगले अज्ञात, अपूर्ण, पूर्ण,  अभ्यस्त जस्ता क्रियामा एकरूपता आउन  नसकेको देखिन्छ ।

यसरी दिव्योपदेश कृति ऐतिहासिक, राजनैतिक, साहित्यिक, सामाजिक, आर्थिक जस्ता मूल्यका सन्दर्भमा मात्र हैन भाषिक व्यवस्थाको अध्ययनका दृष्टिकोणले समेत अत्यन्त महत्त्वपूर्ण र उपयोगी रचना सिद्ध भएको छ ।

# सन्दर्भग्रन्थसूची


आचार्य, बाबुराम (२०६१). **श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी.** (दो.सं) ललितपुर : साझा प्रकाशन ।

आचार्य, परशुराम (२०३४). **दिव्योपदेशको भाषिक अध्ययन.** अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर ।

गौतम, देवीप्रसाद (२०५२). **नेपाली रूपान्तरण व्याकरण.** काठमाडौं : प्रकाशन चिरञ्जीवि घिमिरे ।

गौतम, देवीप्रसाद र अन्य (२०६७). **सामान्य भाषा विज्ञान.** काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

पन्त दिनेशराज (२०५९). **दिव्योपदेश.** काठमाडौं : सूचना तथा सञ्चार मन्त्रालय ।

बन्धु, चूडामणि (२०६६). **भाषा विज्ञानका सम्प्रदाय** (ते.सं.) काठमाडौं : एकता बुक्स ।

शर्मा, मोहनराज (२०६४/०६५). “पदावलीको परिचय र प्रकार”, **कुञ्जिनी.** नेपाली केन्द्रीय विभाग कीर्तिपुर (वर्ष १६, अङ्क १२) , पृ. १०-१४ ।